जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष-१३ , अंक- ११, २०७७ साल असोज २० गते मंगलबार (Oct 6, 2020) www.janaakash.com.np मूल्य रु १०।-

# यसपालिको दशैं घरमै मनाउन सरकारको आग्रह

- महँगीले आकाश छोयो ।
- नेपालीहरुको मन यो बर्षा नराम्ररी रुने भयो ।
- दशैंका राम्रा पक्षहरु ।
- सुरक्षित ढंगबाट दशैं मनाउ

मोहन कार्की ,

काठमाडौं । २०७७ सालको नेपालीहरुको महाँनचाढ बिजयाँ दशमी नजिकिदै गईरहेको छ । तर मानिसहरुमा त्यति खुसियाली छाएको देखिदैन । एकापर्टी कोरोना सक्रमण बढ्ने चिन्ताले सरकारले भीडभाड नगर्नु भनेको छ । अर्को तर्फ यातायातामा ५० प्रतिशत भाडा बढी तिर्नुपर्ने बाध्यता र यातायातले पनि आधा सिटमा मात्र यात्रु बोक्नुपर्ने बाध्यताले यातायातको असुविधा देखि बजारभाउमा भएको महगीले खासै मानिसहरु खुशी देखिदैनन् । स्वास्थ्य मन्त्रालयले जारी गरेको बिज्ञप्तिलाई आधार मान्ने हो भने त झनै यस बर्षको दशैं घर घरमै बसेर मनाइदिन आग्रह गरेको छ । यो सन्देशले पनि धेरै मानिसहरुमा अवको दशैं जाहा जुन ठाउमा आफु रहेका छन् त्यही ठाउमा बसेर मनाउने तरखरमा भएको देखिन्छ । बिगतमा दशैंमा घर छोडेर बिभिन्न पेशा ब्यवसाय गर्न घरदेखि टाढा गएका आफन्त घर फर्कन्छन् र उनिहरु फर्केपछि सवै जना जे जस्तो अवस्थामा छन् क्षमता अनुसारको जे पाक्छ त्यही बाढीचुडी खाएर हासीखुसी दशैं मनाउने मन आफन्तको हुन्थ्यो दशैंमा त्यसै गर्थे तर यो बर्ष छोराछोरी, नातानातिनी घरआगनमा देख्न नपाउदा धेरै जति आमा बुबा हजुरबाहरुको मन रुने भएको छ । तर के गर्नु बाध्यता परिस्थिति जस्ता कुराहरुले यि चाहानाहरुलाई रोकिदिएको छ ।

दशैंको अवसरमा घर जाने यात्रुहरुको लागि प्रत्येक बर्ष मानिसहरुको भीड हुने गर्थ्यो भने बजारहरुमा केनमेल गर्नेको घुइचो पनि तर यो बर्ष कोरोनाको कारण र बजारमा पनि अस्वभाविक भाउ बढीरहेको हुनाले त्यसमा एकतिर कमाई नहुनु अर्कोतर्फ भाउ बृद्धि हुनुले पनि मानिसहरुमा उत्साह हराएको हो ।

कतिपय मानिसहरु त दशैंको अवसर पारेर कयौ बर्षदेखि आफ्नो घर जान नपाएकाहरुले यस्तै अवसर पारेर गाउँ सम्झने गर्दथे र दशैं पर्वलाई खुसियालीका साथसाथै बिगत सम्झने अवसरको रुपमा समेत मनाउने गर्दथे । गाउमा पिङ खेल्नुको मज्जा, साथीभाई मिलेर पिङ हाल्नुको मज्जा, बाटो घाटो छरछिमेक मिलेर काम गर्नुको मज्जा आफुभन्दा ठुलावाट आशिर्वाद पाउनुको आनान्द अकैं हुन्थ्यो तर यो बर्ष यि सवै दशैंका राम्रा पक्षहरु हुदाहदै पनि समय र परिस्थितिले जा जुन ठाउमा छौ त्यही ठाउमा जे जस्तो अवस्थामा रहेका छौ त्यसरी नै मनाउन पर्ने बाध्यतालाई सवैले मनन गरेर मनाउन गरेको सरकारको आग्रह पनि ठिक हो भनि मानेर मनाउदा राम्रो नै हुन्छ ।

आउदा दिनहरु सहज भएपछि आउदो सालका दशैंहरु यो बर्षको दुख: बिर्साउने गरी मनाउन सकिन्छ ।

# प्रदेश सभा बैठकमा कुर्सी तोडफोड

काठमाडौं । राजधानी र नामाकरणको विषयलाई लिएर प्रदेश ५ मा तीब्र विवा भएको छ । प्रदेश नम्बर ५ को प्रदेशसभामा विपक्षी दल फिर्ता लिनुपर्ने कांग्रेसले माग राखेको हो ।




नेपाली कांग्रेसले सोमबार दोस्रो पटक बसेको बैठकमा पनि नाराबाजीसहित प्रदर्शन गरेका छन् । सभामुखले बैठक सुरू गर्नेबित्तिकै कांग्रेस सांसद उठेर रोष्टम घेर्न पुगेका थिए । सरकारले स्थायी राजधानी दाङमा तोक्ने प्रस्ताव राजधानीको प्रस्ताव छलफलका लागि पेश गर्न आन्तरिक मामिला तथा कानून मन्त्री कुलप्रसाद केसीलाई समय दिएका छन् ।

मन्त्री केसी रोष्टमतर्फ अगाडि बढ्दा कांग्रेस सांसदले छेकेका थिए ।

कांग्रेसको विरोधबीच सभामुखले प्रदेशको नामाकरण र स्थायी नेकपाले सर्वसत्तावाद लाद्न खोजेको कांग्रेसको आरोप छ ।

सभामुखले समय दिएपछि मन्त्री केसीले स्थायी राजधानी र प्रदेशको नामबारे प्रस्ताव छलफलका लागि पेश गरेका छन् । लगत्तै विपक्षी सांसदहरूले संसदको कुर्सी उचालेर टेबुल तोडफोड गरेका छन् । उनीहरूले बोल्ने माइक पनि तोडफोड गरेका छन् ।

प्रदेश ५ का आन्तरिक मामिला तथा कानुनमन्त्री कुलप्रसाद केसीले प्रदेशसभामा नाराबाजी गर्ने सांसदलाई घिसारेर निकाल्न मर्यादापालकलाई आदेश दिएका छन् ।

प्रदेश ५ को नाम र राजधानी माथिको छलफल भइरहेको प्रदेशसभामा नेपाली कांग्रेसका सांसदहरुले नाराबाजी र तोडफोड गरेकाछन् । तोडफोडकै बीच चलिरहेको बैठकमा छलफलमा उठेका प्रश्नको जवाफ दिन रोस्टममा पुगेका मन्त्री केसीले नाराबाजी गर्ने सांसदलाई बाँकी ८ पृष्ठमा

# अनलाइन पत्रकार सञ्जाल गठन

काठमाडौं । स्वरोजगार अनलाइन मिडियाको व्यावसायिक हकहितका लागि क्रियाशील हुने उद्देश्यले अनलाइन पत्रकार सञ्जाल नेपाल (ओजोन)को गठन गरिएको छ । आजभोलि डट कमका प्रकाशक सम्पादक लोकराज अवस्थीका संयोजकत्वमा आज १३ सदस्यीय संयोजन समिति गठन गरिएको हो ।

सञ्जालका सदस्यमा शिवराज योगी, पदमराज जोशी, शिवराज खड्का, माधवप्रसाद घिमिरे, निरोज तोलाङे, हरिबहादुर परियार, सरिता तिमल्सिना पँगेनी, विष्णुप्रसाद बेल्वासे, गोपाल बराइली, मीन बम, कमला हमाल र श्रवणप्रसाद शाह छन् ।

अनलाइन सञ्चार संस्था सञ्चालन तथा कार्यरत सञ्चारकर्मीलाई एकीकृत तथा सङ्गठित गर्दै समग्र अनलाइन पत्रकारिता हकहितका लागि सञ्जालको गठन गरिएको संयोजक अवस्थीले जानकारी दिनुभयो । अनलाइन सञ्चालक तथा सञ्चारकर्मीले भोग्दै आएका कानूनी तथा व्यावसायिक समस्या र चुनौतीलाई समाधान गर्नका लागि पहल गर्न तथा सरोकार निकायबीच समन्वय गरेर अगाडि बढ्ने उहाँको भनाइ छ ।

अनलाइन पत्रकारिताको व्यावसायिक गुणस्तर र क्षमता अभिवृद्धिका लागि पहल गर्ने सञ्जालको उद्देश्य छ । सञ्जालले देशभर अनलाइन पत्रकारिताको व्यावसायिक गुणस्तर र क्षमता अभिवृद्धिका लागि पहल गर्ने, सूचना प्रविधिका क्षेत्रमा आएका नवीनतम प्रविधिको प्रयोगमा पत्रकारलाई अभ्यस्त गराउन पहल गर्ने, अनलाइन पत्रपत्रिका दर्ता, नवीकरण तथा आबद्धता गराउने काममा सरकारी तहमा हुने अनावश्यक कानूनी झमेला, झन्झट र बाँकी ८ पृष्ठमा

# अस्पताललाई हिमालय एयरलाइन्सको सहयोग

काठमाडौं । नेपालबाट अन्तर्राष्ट्रिय उडान भर्ने निजी क्षेत्रको हवाई सेवा प्रदायक कम्पनी हिमालय एयरलाइन्सले काठमाडौँ उपत्यकाका विभिन्न अस्पताललाई कोभिड-१९ महामारी नियन्त्रणसँग सम्बन्धित स्वास्थ्य सामग्री सहयोग गरेको छ । उपत्यकामा अप्रत्यासित वृद्धि भइरहेको कोभिड महामारीसँग जुध्न र समुदायमा कोभिड भाइरसको फैलावट रोक्न कम्पनीले शहीद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्र, राष्ट्रिय ट्रमा सेन्टर र मनमोहन मेमोरियल सामुदायिक हस्पिटललाई विविध चिकित्सा सामग्री प्रदान गरिएको विज्ञप्तिमार्फत जनाएको छ । कोभिड महामारी विरूद्ध अग्रभागमा उभिएर कार्य गर्ने स्वास्थ्यकर्मीको स्वास्थ्यको सुनिश्चिता र तिनलाई संक्रमणबाट बचाउन तत्काल चालिनुपर्ने कदमको महत्व बुझ्दै एअरलाइन्सले ती चिकित्सा सामग्री हस्तान्तरण गरिएको जनाएको छ । हिमालय एअरलाइन्सको कार्यालयमा भएको कार्यक्रममा एयरलाइन्सको ब्राण्ड तथा सेवा सुधार विभागकी प्रमुख उज्ज्वला दलीले शहीद गङ्गालाल हृदयरोग केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा रञ्जित बराललाई १०० थान पिपिई सेट र १०० थान आरडिटी परीक्षण किट प्रदान गर्नुभएको थियो ।

त्यसैगरी १०० थान पिपिई सेट र १०० थान आरडिटी परीक्षण किट राष्ट्रिय ट्रमा सेन्टरका हाड-जोर्नी विशेषज्ञ डा ज्ञानेन्द्र शाहले प्राप्त गर्नुभएको थियो । उपत्यकाभित्र रहेका स्वास्थ्य क्षेत्रका समुदायबीच आफनो सेवाको पहुँच बढाउने प्रयास अनुरूप एअरलाइन्सले कोभिड-१९ विरूद्धको लडाइँमा अत्यावश्यक पर्ने १०० थान पिपिई सेट, १०० थानआरडिटी परीक्षण किट, २०० थान सर्जिकल मास्क, २०० थान सर्जिकल पञ्जा, ५० थान एन-९५ मास्क, ५० थान फेस शिल्ड्स, ५०० थान कभर र पाँच बोत्तल ९प्रत्येक ५०० मिलिका० स्यानिटाइजरजस्ता स्वास्थ्य सुरक्षाका सामग्री मनमोहन मेमोरियल सामुदायिक हस्पिटललाई प्रदान गरेको छ । सो हस्पिटलका निमित्त अध्यक्ष श्री पूर्णबहादुर शाहीले हस्पिटलका तर्फबाट उपरोक्त सामग्री ग्रहण गर्नुभएको थियो । उक्त कामको प्रशंसा गर्दै शाहीले फर्पिङका समुदायका लागि प्राप्त सहयोग समय-सापेक्ष, सान्दर्भिक र अत्यावश्यक रहेको बताउनुभयो । अग्रभागमा रहँदै कोभिड-१९ विरूद्ध लड्ने स्वास्थ्यकर्मीप्रति एयरलाइन्सले गरेको सहयोग उदाहरणीय रहेको र अन्य सङ्घ-संस्थाका लागिसमेत प्रेरणादायी भएको डा बरालले बताउनुभयो । उक्त अवसरमा हिमालय एअरलाइन्सकी ब्राण्ड तथा सेवा सुधार विभागकी प्रमुख दलीले कोभिड-१९ विरूद्ध लड्ने कार्यमा समाज र राष्ट्रका लागि सहयोग पुऱ्याउन एयरलाइन्स सदैव तत्पर रहने बताउनुभयो । सो एयरलाइन्सले हालसम्म कोभिड-१९ महामारी रोकथामका चिकित्सा सामग्रीको ढुवानीका लागि ३७ वटा कार्गो उडान भर्दै ३२८।८२ टन सामग्री नेपाल भित्र्याइएको तथा विभिन्न देशमा अलपत्र नागरिकलाई स्वदेश फिर्ता गराउन जम्मा ११८ वटा उडान भर्दै १९ हजार ४४२ यात्रु नेपाल ल्याएको कम्पनीले विज्ञप्तिमा उल्लेख गरेको छ ।

## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पूर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



रामवीर मानन्धर
शहरी बिकास राज्यमन्त्री तथा प्रतिनिधिसभा संसद
नेपाल कम्युनिष्ट पार्टी (नेकपा), काठमाडौ ७

## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पूर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



बिष्णु बहादुर खत्री
निवर्तमान अध्यक्ष
नेपाल हिमालय सीमापार बाणिज्य संघ तथा बिबेक ईन्टरप्राईजेज प्रा.लि.

## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पूर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



बच्चु पौडेल
अध्यक्ष
नेपाल हिमालय सिमापार बाणिज्य संघ तथा दुर्गा एण्ड सम्राट बिजनेस प्रा.लि.

## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पूर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



अशोक कु. श्रेष्ठ
बरिष्ठ उपाध्यक्ष
नेपाल हिमालय सीमापार बाणिज्य संघ तथा सम्झना ईन्टरप्राईजेज प्रा.लि.

## हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पूर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



रामहरि कार्की
उपाध्यक्ष
नेपाल हिमालय सीमापार बाणिज्य संघ तथा चार्टर बिजनेस प्रा.लि.

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# नेपालका सञ्चार क्षेत्रभित्र छिरेर गरिने ठेकेदार प्रथाको अन्त्य गरौं

नेपालमा सञ्चार क्षेत्रको बिकाश जति कष्टपुर्ण तरिकाले स्थापना भएको थियो । त्यो स्वतन्त्र प्रत्राकारको हितमा संघर्ष गर्नुहुने अगुवाहरुलाई थाहा छ । ति संघर्ष गरेर नेपालको पत्रकारितालाई सत्य तथ्य र सुचना मुलक बनाउन अग्रसर भई सपना देख्नुहुने अग्रजहरुलााई धन्यवाद । हामी स्वतन्त्र पत्रकारिता गर्ने अभियानमा हिडिरहने छौ ।

तर नेपलमा २०४७ सालको परिवर्तन सँगै पत्रपत्रिकाको लागि खुल्ला ब्यवस्था भएपछि नेपालमा अनेका खालका तत्वहरु पत्रकारिता मुखुन्डो ओडेर छिदै कोही आफ्नै देशको सुचना बेच्न समेत पछि नपरेका कोही अन्य दुतावासवाट रकम भत्ता बुझ्रेर नेपालको परराष्ट्र असंलग्न नीतिको उल्लघन गर्ने पत्रकारकाको भेषमा छिरेर गुप्तचरी गर्ने त्यो पनि आफ्नो देशको पक्षमा भए त ठिकै थियो । त्यसो नगरेर नेपालको बिरुद्धमा पो काम गर्ने एजेन्टको रुपमा काम गर्ने पत्रकारहरु पनि यहि देशमा देखिएका छन् । यस्ता उदश्य बोकेर काम गर्ने एजेन्टहरुको कारणले नेपालको पत्रकारिता जगत बदनाम भएको छ ।

तिनै मुखुण्डो ओडेर पत्रकारको भेषमा छिरेका र बिभिन्न बिज्ञापन एजेन्सीको कारोबार गरिरहेका एजेन्टहरुले स्वतन्त्र पत्रकारिता गरिरहेका र चलाएका राष्ट्रवादी सञ्चारमाध्यमहरु जस्तैं पत्रपत्रिकालाई, अनलाईनलाई ब्यवसायक बिज्ञापन नदिन उर्दी जारी गरेर ठेक्का लिने गरेका छन् । जसको कारण स्वतन्त्र पत्रकारहरुलाई ब्यवसायीक र दैनिकी चलाउन अप्ठ्यारो परोस र बाध्य भएर पत्रकारिताको भेषमा छिरेका जस्तै गरी आर्थिक अभावको कारण राष्ट्रवादी पत्रकारहरुले पनि पित पत्रकारिता गरुण र माफियाँहरुको सधै पक्षमा लेखुन भन्ने उदेश्यले पछिल्लो पत्रकारितामा दखिएको ठेकेदार प्रथा मौलाएको छ ।

जसका कारण नेपालका सत्य तथ्यको आधारमा नेपाल देशको हित चिताउने मैले लेखेको समाचार, लेख, उठाएको बिषयले देशको लागि दिर्धकालीन फाईदाहोस भन्ने सपना देख्ने पत्रकारहरुको अवस्था भने दयनीय बन्दै गएको छ । याहा कसैको ध्यान पुगेको छैन । अहिले नेपालमा चलिरहेका संञ्चारमाध्यमहरुको अवस्था राम्रोसँग अध्ययन गर्ने हो भने ठुला जति सवै कतै न कतै कसैको आड भरोसा त्यो केही सिमित लक्ष्य पुरा गर्न खोलिकाहरुको बाहुल्यता छ । आम्दानीको स्रोतको रुपमा सरकारी संञ्चारमाध्यम वाहेक सवै सञ्चारमाध्यमको आम्दानी बिज्ञापन नै हो । बिगतमा पत्रपत्रिका बेचेर आउने आम्दानीको स्रोत हुन्थ्यो भने अहिले पत्रिका बिक्रीवाट पैशा आउने बिषय देखाउने पक्रिया मात्र हो । त्यो नेपालको पत्रपत्रिकाको सम्पुर्ण पाइने ठाउ भुगोलपार्कमा गएर अध्ययन गर्‍यौ भने सवै कुराको जानकारी पाईन्छ । त्यसैले पत्रकारको भेषमा छिरेकाहरुले पत्रकारको नाम लिएर "सवै हामी हो अरु कोही होइन । सवै हामी जिम्मा लिन्छौं" भन्दै जसो तसो राष्टूको पक्षमा काम गरिरहेका पत्रकारहरुलाई थाहा नै नदिई पत्रकारको नाममा एजेन्ट बनेका तत्वहरुले नेपालका हजारौ हजार पत्रकारहरु माथिको षन्यन्त्र गर्दै आएका छन् । यो निक्कै डरलाग्दो बिषय बन्दै गएको छ ।

जस्तै नेपालका पत्रपत्रिकालाई बिज्ञापन दिन पत्राकारको नाममा छिरेका एजेन्टलाई नसोधि बिज्ञापन दिन नपाईने जस्ता काम हुने र कुनै संघ, संस्था, ब्यापारिक केन्द्रमा स्वतन्त्र पत्रकार बिज्ञापन माग्न गयो भने उसलाई पत्रकार भेषमा छिरेर बसेको एजेन्टसँग कुरा गर्नुपर्ने र त्यो एजेन्टको पो कुरा सुन्नुपर्दा स्वतन्त्र पत्रकारको उदेश्य, लक्ष्य प्रति अवरोधको रुपामा आएको छ । यो नेपालको पत्रकारिता जगतको लागि ठुलो चुनौतिको रुपमा रहेको छ । यो चुनौतिलाई सवै स्वतन्त्र पत्रकारहरुले मिलेर एकढिक्का भई प्रतिरोध गर्न नथाल्ने हो भने बाकी नेपालका स्वतन्त्र पत्रकारहरुको भबिष्य एजेन्टहरुको हातमा जाने निश्चित छ ।

त्यसैले पत्रकारको भेषमा छिरेर पत्रकार बिरुद्ध लाग्ने एजेन्टहरुलाई पाखा लगाउन ढिलो गर्नुहुदैन ।

# प्राकृतिक स्रोत, वित्तीय हस्तान्तरण र आयोग

**लक्ष्मीविलास कोइराला**

प्राकृतिक स्रोत : विश्वलगायत नेपालमा पनि जलवायु परिवर्तनको नकारात्मक प्रभावको आकलन डरलाग्दो गर्न थालिएको छ । हिमालमा हिउँ नपर्ने अवस्थाको सिर्जना आयो भने न त सरगरमाथाको गाथा गौरव रहन्छ न त हाम्रा नदीहरु नै जलप्रवाहका अजस्र स्रोत भइरहन्छन् । प्राकृतिक स्रोत जोगाउनुपर्ने आवश्यकता संसारभर देखिएको छ । प्राकृतिक वातावरण अन्तराष्ट्रिय वस्तु हो । यसकारण प्राकृतिक स्रोतको उपयोग र संरक्षणमा अन्तर्राष्ट्रिय चासो रहनु अनिवार्य हुन्छ । प्राकृतिक स्रोत भन्नासाथ देशको सरहदभित्र पाइने भूमि, वन, पानी, खनिज, वनस्पति र जनावर, प्राकृतिक ग्याँस, सौर्य ऊर्जा, जैविक विविधता, वायुमण्डल तथा जलवायु र प्राकृतिक सुन्दरतालाई लिने गरिन्छ ।

विकास र प्राकृतिक स्रोतको उपयोगबीच उल्टो सम्बन्ध रहन्छ । विकसित देशहरूले प्राकृतिक स्रोतको अवैज्ञानिक तथा अदूरदर्शी प्रयोग गरेका र गर्ने प्रवृत्ति रहेकाले विश्व वातावरण असंरक्षणको अत्यन्त संवेदनशील मोडमा पुगेको छ । हामी देश विकासको बामे सर्न लाग्दा प्राकृतिक स्रोतको उपयोग चुनौतीपूर्ण बनेको छ । हामीलाई हाम्रो प्राकृतिक स्रोतको उपयोग वा विनाशभन्दा पनि बढी विश्वको प्राकृतिक स्रोतको उपयोग गर्ने प्रवत्तिले हामी बढी प्रभावित छौं । जलवायु परिवर्तनको प्रभाव हाम्रा हिमालहरूमा प्रत्यक्ष पर्न सक्ने अनुमान बढी छ । देशको न्यूनतम विकास गर्न प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापन आवश्यक पनि छ ।

प्राकृतिक स्रोतको व्यवस्थापन भनेको दिगो विकास हो । वर्तमान पुस्ताको आवश्यकता भावी पुस्ताका आवश्यकता पूरा गर्न कुनै असर नपर्नेगरी उपलब्ध प्राकृतिक स्रोतहरूको महत्तम उपयोग गर्नुलाई प्राकृतिक स्रोत व्यवस्थापन भनिन्छ । प्राकृतिक स्रोत सीमित हुन्छ । अहिले प्राकृतिक स्रोत नासिदै र प्रदूषण हुँदै गइरहेको छ । प्राकृतिक स्रोत कुनै पुनः प्राप्त गर्न सकिन्छ भने कुनै कहिल्यै प्राप्त गर्न सकिँदैन । प्राकृतिक स्रोतको व्यवस्थापनका लागि प्राकृतिक स्रोतको इन्भेन्ट्री, संरक्षण र उपयोगका नीति योजनातथा उपभोग प्रवृत्तिमा परिवर्तन हुनु अनिवार्य हुन्छ ।

हाम्रो देशको भौगोलिक बनाबट पर्वतीय छ । उचाइ र जलवायुको भूधरातलीय भिन्नताको आधारमा नेपाललाई पाँच भागमा विभाजन गरिएको छ । कुल क्षेत्रफलको १४ प्रतिशत तराई, १३ प्रतिशत चुरे क्षेत्र, चुरमाथि महाभारत तथा मध्य पहाडको भूभाग ३० प्रतिशत, उच्च पर्वतीयक्षेत्र २० प्रतिशत र हिउँले ढाकिएको कडा चट्टानको क्षेत्र २३ प्रतिशत छ । उचाइको भिन्नताअनुसार जमिनको भिरालोपनामा पनि व्यापक भिन्नता छ । तराईमा एक डिग्रीभन्दा कम भिरालो जमिन छ भने पहाडमा अधिकतम ४० डिग्रीसम्म भिरालो जमिन छ । नेपालमा उचाइको भिन्नताको कारण स्थानागत विविधता भएको जलवायु पाइन्छ । उपउष्ण मनसुनी, न्यानो समशीतोष्ण, चोसो समशीतोष्ण, अल्पाइन र तुन्द्रा गरी पाँच प्रकारको हावापानी पाइन्छ । उचाइ र जलवायुको वहावअनुसार पानी पर्ने प्रवृत्तिमा पनि फरक छ । भौगोलिक अवस्था र उचाइमा रहेको भिन्नताले देशको तापक्रम पनि फरक फरक छ । उचाइ र माटोको गुणअनुसार वनजंगल खेतीपाती पनि भिन्न भिन्न खालको छ । कुल भूमिको ४४.४ प्रतिशत वन क्षेत्र रहेको छ ।

राष्ट्रिय आम्दानीको स्रोतले देशको विकासको अवस्था र प्राकृतिक स्रोतमाथिको निर्भरताको अवस्था निर्धारण गर्दछ । नेपाली अर्थतन्त्र मूलतः कृषि र गैरकृषि क्षेत्रको आम्दानीमा आधारित छ । मलिलो उब्जाउ माटो बगेर गइरहेछ । भूक्षय, पहिरो बाढीको बिगबिगी छ । भूमि मायालाग्दो गरी टुक्रिएको छ । जमिनको उत्पादन र उत्पादकत्व ह्रास हुँदै गएको छ । थोरै कृषि जमिनमा मात्र सिँचाइ सुविधा उपलब्ध छ । नेपालमा करिब १५३० मिलिलिटर पानी पर्ने गर्दछ । पानी र हिउँ पर्ने दर घट्दो छ । सहरी क्षेत्रमा अत्यधिक पानी निष्कासनले गर्दा भूमिगत जलको सतह घटदै गएकोछ । मरूभूमीकरणको जोखिम बढ्दो छ । जलस्रोतको धनी देश हुँदाहुँदै पनि खानेपानी, सिँचाइ र जल ऊर्जाको कमी छ ।

कृषि नेपालको प्रमुख आर्थिक क्रियाकलाप हो । बसाइँसराइ, कृषि भूमिको आवश्यकता पूरा गर्न तथा विकासका पूर्वाधारहरूको निर्माण गर्ने सन्र्दभमा वन क्षेत्र तथा सीमान्त भूमिमाथि निरन्तर र अवैज्ञानिक अतिक्रमण भइरहेको छ । स्थल तथा जलमा पाइने जीव, पर्यावरणीय पद्धति (इकोसिस्टम) तथा एकै प्रजातिमा हुने वंशाणु भिन्नताको जैविक विविधतासमेत संकटमा परेको छ । सिमसार क्षेत्रहरु संकटमा छन् । व्यावसायिक रूपमा खानी सञ्चालन गर्न सकिएको छैन ।

***आयोगको भूमिकाः संविधानले सरकारका तहहरूबीच राजस्वको समान वितरणको विस्तृत आधार, ढाँचा र सूत्र निर्माण गर्ने, समानीकरण अनुदान सिफारिस गर्ने, संघ, प्रदेश र स्थानीय तहहरूले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा सरकारका तीनै तहको लगानी र प्रतिफलको हिस्सा निर्धारणका लागि आधार तय गरी सिफरिस गर्ने, तथा प्राकृतिक स्रोतको उपयोग र प्रतिफल बाँडफाँडसम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश प्रदेश तथा प्रदेश र स्थानीय तह तथा स्थानीयतहरूबीच उत्पन्न हुन सक्ने सम्भावित विवाद निवारण गर्न सुझाव दिने काम कर्तब्य र अधिकार भएको एक संवैधानिक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग बनाउने ब्यवस्था गरेको छ । वित्तीय हस्तान्तरणमा आयोगको भूमिका महत्वपूर्ण हुने ब्यवस्था रहेको छ । देशको सन्तुलित विकास, जनताको समान जीवनस्तर, राजस्व र प्राकृतिक स्रोतको महत्तम उपयोगमा योगदान दिनु आयोगको कर्तब्य हो ।***

ढुंगा बालुवा झिक्ने र उपयोग गर्ने प्रवृत्तिले वन, खोला र नदिमा चाप परेको छ । धुलोको उत्पादन अत्यधिक भएको छ । केही वर्ष अगाडिसम्म स्वच्छ र सफा कहलिएको नेपालको वायुमण्डल आज प्रदूषित छ । खासगरी सहरी क्षेत्र प्रदूषित छ । जैविक विविधता र प्राकृतिक सुन्दरता नासिदै गएको छ । आयोगको भूमिकाः संविधानले सरकारका तहहरूबीच राजस्वको समान वितरणको विस्तृत आधार, ढाँचा र सूत्र निर्माण गर्ने, समानीकरण अनुदान सिफारिस गर्ने, संघ, प्रदेश र स्थानीय तहहरूले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा सरकारका तीनै तहको लगानी र प्रतिफलको हिस्सा निर्धारणका लागि आधार तय गरी सिफरिस गर्ने, तथा प्राकृतिक स्रोतको उपयोग र प्रतिफल बाँडफाँडसम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश प्रदेश तथा प्रदेश र स्थानीय तह तथा स्थानीयतहरूबीच उत्पन्न हुन सक्ने सम्भावित विवाद निवारण गर्न सुझाव दिने काम कर्तव्य र अधिकार भएको एक संवैधानिक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग बनाउने व्यवस्था गरेको छ । वित्तीय हस्तान्तरणमा आयोगको भूमिका महत्वपूर्ण हुने व्यवस्था रहेको छ । देशको सन्तुलित विकास, जनताको समान जीवनस्तर, राजस्व र प्राकृतिक स्रोतको महत्तम उपयोगमा योगदान दिनु आयोगको कर्तव्य हो ।

संविधानले आयोगलाई राजस्वको बाँडफाँडका अतिरिक्त देशको समग्र प्राकृतिक स्रोतको व्यवस्थापनको जिम्मेवारी सुम्पेको छ । संघीय शासन प्रणालीमा देशको प्राकृतिक स्रोतको उपयोग, संरक्षण र प्रवर्द्धन गर्ने अर्थात् प्राकृतिक स्रोतको व्यवस्थापनको एकीकृत जिम्मेवारी आयोगको काँधमा आएको छ । वित्तीय हस्तान्तरण र प्राकृतिक स्रोत उपभोगको फर्मुला बनाएर मात्र आयोग देशको समग्र विकास र प्राकृतिक स्रोतको व्यवस्थापनमा उदासीन बन्न सक्दैन । यर्सथ, देशको सन्तुलित विकास तथा माटो, जल र जमिनको संरक्षण र उपयोग, वन क्षेत्रको संरक्षण तथा उपयोग, प्राणी र वनस्पतिको संरक्षण, खानीको उपयोग र संरक्षण, जडिबुटीको दिगो संरक्षण र उपयोग, खानेपानीका मुहानहरूको संरक्षण र खानेपानीको प्रवाह, जलविद्युत् र सिँचाइको सुविधा विस्तार, मानव र प्राकृतिक स्रोतको सम्बन्धको महत्व प्रवाह तथा वायुमण्डलको शुद्धता कायम गर्ने विषयमा आयोग गम्भीर बन्नुपर्दछ ।

व्यावहारिकताको लागि आयोग खडा गरिएको स्पष्ट छ । यसकारण प्राकृतिक स्रोत संरक्षणमा आयोगले पुलिसिङ ल्पस व्यवस्थापन र त्यो भन्दा धेरै काम गर्नुपर्दछ ।

आयोगको पुलिसिङ कार्यः आयोग राजस्व र प्राकृतिक स्रोतको अभिलेख आयोग हो । प्राकृतिक स्रोतको उपयोगका लागि सम्पूर्ण जिम्मेवारी अयोगको भएकाले आयोगले संघ, प्रदेश र स्थानीय तहमा रहेको राजस्व र प्राकृतिक स्रोतको वैज्ञानिक इन्भेन्ट्री खडा गर्ने, संघ, प्रदेश र स्थानीय तहको आर्थिक समाजिक सर्वेक्षण गर्ने, राजस्व संकलनको क्षमता तथा कुन स्थानमा कुन प्राकृतिक स्रोतको संरक्षण आवश्यक छ, कुन स्थानमा कुन प्राकृतिक स्रोतको उपयोग कसरी गर्न सकिन्छ, वर्तमानमा प्राकृतिक स्रोतको उपयोग कसरी भएको छ र भविष्यमा के गर्नुपर्छ ? प्राकृतिक स्रोतमाथि के कस्तो चाप र दबाब रहेको छ, देशको भविष्यका लागि कुन कुन प्राकृतिक स्रोत कसरी सुरक्षित राख्न सकिन्छ ? वन, वन्य जीवजन्तु तथा वनस्पतिको संरक्षण, जडिबुटीको संरक्षण, उपयोग पुनर्स्थापना तथा सिमसार क्षेत्रको संरक्षणको अवस्था यर्थाथ विवरण कस्तो छ ? प्राकृतिक स्रोतको उपयोग र संरक्षणबाट अन्तर्राष्ट्रिय लाभ के प्राप्त हुन्छ ? प्राकृतिक स्रोतहरूको अवस्थाको निरन्तर अनुगमन, प्राकृतिक स्रोतको उपयोग र संरक्षणका कार्यक्रमहरु तथा प्राकृतिक स्रोतको ह्रासबाट वातावरण माथि पर्ने प्रभाव मूल्याकंनको सुपरिवेक्षण गर्नेजस्ता कार्यहरु आयोगका पुलिसिङ कार्य हुन् ।

आयोगको व्यवस्थापकीय कार्य : प्राकृतिक स्रोतको उपयोग र संरक्षण गर्दै देशको विकास गर्नु आयोगको अहम र महत्वपूर्ण कार्य हो । आयोगले वित्त र प्राकृतिक स्रोतको व्यवस्थापन गर्नुपर्ने हुन्छ । प्राकृतिक स्रोत, वित्त र विकासबीच घनिष्ट सम्बन्ध रहने गर्दछ । राष्ट्रिय रूपमा उत्पादन र उपभोगको प्रवृत्तिमा परिवर्तन ल्याउनुपर्दछ । प्राकृतिक स्रोतको संरक्षणमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोतसाधन परिचालन तथा सम्बन्धी रणनीति विकास गर्नुपर्दछ । प्राकृतिक स्रोत वातावरण संरक्षण र उपयोगमा अन्तर्राष्ट्रिय दृष्टिकोण के छ, छिमेकी देशहरूबीच दुई देशमा फैलिएको प्राकृतिक स्रोतको साझा उपयोग र संरक्षण कसरी गर्न सकिन्छ ? प्राकृतिक स्रोत एकभन्दा बढी प्रदेशमा फैलिएको छ । प्राकृतिक स्रोत उपयोगसम्बन्धी अन्तर्राष्ट्रिय कानुन, दिगो विकास नीति निर्माण र नीति कार्यान्वयनको अनुगमन, संघ, प्रदेश र स्थानीय तहबीच समान रूपमा प्राकृतिक स्रोत उपयोगको सिद्धान्त, प्रक्रिया र प्रतिफल वितरणको सिद्धान्त र फर्मुला निर्धारण गर्ने, प्राकृतिक स्रोत संरक्षणका लागि राजनीतिक तह र सर्वसाधारण जनतालाई कसरी जागरूकता ल्याउने, वातावरण संरक्षणका लागि सक्रिय र उदासीन बन्ने व्यक्ति, समुदाय र संस्थालाई कसरी म्यानेज गर्ने, भन्ने विषय क्षेत्र आयोगका व्यवस्थापकीय कार्यहरु हुन् । नेटवर्क र अनुसन्धान सम्बन्धी कार्यः आयोगको कार्य संघ, प्रदेश र स्थानीय सरकारसँग हुने र अन्तर्राष्ट्रिय समुदायसँग सम्बन्ध राख्नुपर्ने भएकाले गतिलो डाटाबेस, नेटवर्क सम्बन्ध र वार्ताकला हुनुपर्दछ । प्राकृतिक स्रोतमाथिको चाप तथा नेपालमा जलवायु परिवर्तनले पारेको प्रभावको अन्तर्राष्ट्रिकरण गर्ने ज्ञान, प्रक्रिया र नेटवर्क पनि आयोगसँग हुनुपर्दछ । उदाहरणका लागि हिमालयको महत्व बुझाउन कालापत्थरमा गरिएको मन्त्रिपरिषद्को बैठकलाई लिन सकिन्छ । साथै प्राकृतिक स्रोतको दिगो उपयोग, जलवायु परिवर्तनबाट देशलाई सुरक्षित राख्ने नीति रणनीतिको विकास र अन्तर्राष्ट्रिय लाभ लिन सक्ने नेगोसिएसन क्षमता, संघ, प्रदेश र स्थानीय सरकारहरु तथा सरोकारवालाहरूलाई सम्झाउन सक्ने सीप र समन्वय गर्न सक्ने रणनीतिक दृष्टिकोण आयोगसँग हुनुपर्दछ । यसैगरी आयोगसँग राजस्व एवं प्राकृतिक स्रोत संबन्धमा अध्ययन अनुसन्धान गरी राजस्व र प्राकृतिक स्रोतको प्रतिफल बाँडफाँडमा सक्षमता प्रस्तुत गर्नुपर्दछ ।अधिकारको क्षेत्रः आयोगले प्राकृतिक स्रोत संरक्षण, उपयोग र प्रतिफल वितरणसम्बन्धी गरेको निर्णय वा सिफारिस संघ, प्रदेश र स्थानीय सरकार र अन्य गैरसरकारी निकायहरूले अनिवार्य रूपमा मान्नुपर्ने, आयोगले देशको कुनै पनि भागको प्राकृतिक स्रोतको सर्वेक्षण गर्न सक्ने तथा आयोगको निर्णय विरूद्ध अदालतमा सुनुवाइ हुन नसक्ने अधिकार र शक्ति आयोगलाई कानुनतः हुनुपर्दछ । सारमाः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको राष्ट्रिय र अन्तर्राष्ट्रिय जिम्मेवारी छन् । पुलिसिङ, व्यवस्थापकीय, नेटवर्क, अनुसन्धान कार्य गर्न र प्राविधिक परामर्श दिन आयोग आन्तरिक तथा बौद्धिक रूपमा सक्षम हुनु नै पर्दछ । आयोगले देशको सीमित र दुर्लभ राजस्व एवं प्राकृतिक स्रोतको संरक्षण, उपयोग र पुनः स्थापनामा राष्ट्रिय रूपमा नेतृत्वदायी भूमिका खेल्नुपर्ने हुन्छ । प्राकृतिक स्रोत जोगाउन वित्त र वित्तको महत्तम उपयोग गर्न प्राकृतिक स्रोतलाई रणनीतिको रूपमा उपयोग गर्न दोहोरो रणनीति बनाउनुपर्नेछ । संघीयतामा प्राकृतिक स्रोतको साझा हितका लागि उपयोग गर्न, समान सुविधा लिन र दिगो संरक्षण गर्न स्थापित संयन्त्रहरूको क्रियाशीलता र संघ, प्रदेश र स्थानीय सरकारहरूबीच आपसी सुझबुझ नै आजको परम् आवश्यकता हो । यसकारण आयोगले भविष्यमा राजस्वको बाँडफाँड र प्राकृतिक स्रोतको व्यवस्थापनमा खेल्ने भूमिकाले नै दिगो विकास सम्भव हुन्छ ।

राजधानी दैनिक

# एउटैले ओगट्ने प्रबृति तोडेर सवैले बाडेर काम गरी सुन्दर देश बनाउन सक्छौ

मानिसले सामाजिक परिचय बनाउन त्यति सजिलो छैंन । त्यस्तै आरडि एण्ड निर्माण कम्नीका सञ्चालक तथा नेपााल निर्माण ब्यवसायी महासंघका बर्तमान महासचीव रोशन दाहालको परिचित नाम हो । उनको यो परिचय त्यतिकै बनेको होईन । २०४८ सालदेखि निर्माण क्षेत्रमा प्रवेश गर्नुभएका दाहालले निर्माण कम्पनीलाई स्थापित गर्न जति मेहनत गर्नुभयो त्यति नै मात्रमा निर्माण क्षेत्रमा ब्यवसायीहरूको हकहित र पेशाको सुरक्षा पनि हुनुपर्छ भनेर साथीभाईसँगको छलफल चलाउदै आएको उहाको कथन छ । उहाको बिचार र वास्तविक निर्माण ब्यवसायीहरूको हितमा भएको हुनाले उपत्यका निर्माण ब्यवसायी संघको कार्य समितिमा सोजै सचीव हुदै सोही संघमा तिन कार्यकाल अध्यक्षको हैशियतमा सफल काम गरेर देखाउनु भयो, त्यसपछि नेपाल निर्माण ब्यवसायी महासंघको सह कोषाध्यक्ष हुदै कोषाध्यक्ष, र २०७४ सालमा भएको महासंघको निर्वाचनमा महासचीवमा निर्वाचित महासचीव भएर महासंघमा काम गरिरहनु भएको छ । उहासँग जन आकाशका प्रधान सम्पादक मोहन कार्कीले गर्नुभएको निर्माण सम्वाद यो अङ्मा समेटेका छौ ।

**० तपाईलाई स्वागत छ जन आकाश मिडियामा**

– धन्यवाद ।

**० बिश्वमा फैलिरहेको कोरोना भाईरसको त्रासदीले नेपालमा पनि असर पाऱ्यो तपाईहरूको निर्माण क्षेत्रमा के छ ?**

– यो नेपालमा मात्र नभई बिश्वलाई नै तहस नहस हुनेगरी फैलिएको महामारी हो । त्यसले नेपालका हरेक क्षेत्रलाई असर गरेको छ । त्यसमा निर्माण जगत पनि अछुतो रहने कुरा भएन । बिशेष गरेर निर्माण क्षेत्र प्रत्यक्ष जनतासँग जोडिने भएको हुदा ठुलो असर पाऱ्यो । जस्तै २०७६ साल चैत्र ११ गते नेपाल सरकारले लकडाउन लगाएपछि हाम्रा कामदारहरू जाहा काम गर्न गएका थिए । उनिहरू जाहाको त्याही थुनिए । हाम्रा कामका लागि सामान लिएर गएका गाडीहरू कोही बाटोमै अडकिए कतिलाई फार्काउनु पर्ने अवस्था आयो । त्यस्तो समयमा सवैभन्दा ठुलो समस्या अलपत्र परेका कामदारहरूलाई उनिहरूको घरसम्म पुऱ्याउन सरकारसँग मात्र २ दिनको पास लिएर त्यो काम गऱ्यौ । कतिपय निर्माण कर्मीहरूलाई आफनै साईटमा राख्ने काम पनि गऱ्यौ । कतिपय स्थानीय सरकारले तपाईहरूका कामदार हाम्रो क्षेत्रमा नराखिदिनुस भनेर आग्रह पनि गरे भने कतिपय स्थानीय निकाय तथा प्रशासनले सहयोग पनि गर्नुभयो । त्यसपछि निर्माण कार्यहरू अहिले सम्म ठप्प प्राय छ । जसरी अन्य ब्यवसायहरू उठ्न सकेका छैनन् त्यस्तै निर्माण ब्यवसाय पनि अहिले सम्म पीडादायी रूपमा नै छ ।

**० लकडाउन कै अवस्थामा तपाईहरूले निर्माण कार्य रोकिदा देशका बिकाश रोकिन्छन् भनेर सरकारसँग डेलिकेशन पनि जानुभयो सरकारवाट के सहयोग पाउनुभयो ?**

– सरकारसँग बाराम्वार माग पनि गरेका छौ हाम्रो निर्माण क्षेत्रामा देखिएको पैशट्ठी अर्बको नोक्सानी हामीले निकालेका छौ । त्यो पुर्ति नभईकन निर्माण ब्यवसाय अगाडी बढ्न सक्दैन । त्यो मध्यको केही सहयोग राज्यले गरिदिनु पऱ्यो भनेर हामीले भनेका छौ । कुनै काम गदै गरेको साइडहरू छन् । ति काम गरेर कट्टी भएको बिलवाट पाँच प्रतिशत रिटर्न गरिदिनुस हामी बैक ग्यारेन्टी दिन्छौ भनि माग गरेका छौ । त्यो भन्दा बाहेक पनि बिश्व स्वास्थ्य संगठनको मापदण्ड नेपाल सरकारले तोकेको मापदण्ड सवै क्षेत्रमा एकरूपता बनाउनु पर्छ भन्ने हाम्रो माग छ । अर्को २०७६ को बजेट भाषण भन्दा अगाडीका सम्झौता गरेका डिजेलमा लागेको भ्याट फिर्ता राज्यले गरिदिनु पऱ्यो , नेपाल सरकारले बिभिन्न समयमा गरेका निर्णयहरू छन् । यही कोभिड कै समयमा पनि गरेका निर्णयहरू पनि छन् । यि यस्तै गरेका सम्पुर्ण निर्णय लागु गरिदिनु पऱ्यो भनेर भनेका छौ ।

**यााहा भए गरेका कामहरू आए अवत सहज अवस्था भयो उत्साहका साथ काम गर्ने बातावरण कसरी बनाई राख्नु भएको छ ?**

सहज अवस्था त आयो तर हाम्रो निर्माण क्षेत्रमा दक्ष कामदारहरू पनि चाहिने हुनाले सवै आफ्नो घर गएका छन् उनिहरू आउन समय लाग्छ कतिपय हेभि इक्युमेन्ट चलाउने छिमेकी देशहरूका छन् उनिहरू आउन टाईम लाग्ने भएको हुनाले त्यहा बोर्डरहरू सिल गरिरहेको अवस्था छ । खुल्न त खुलेको छ एउटा जिल्लावाट अर्को जिल्लामा गएर बस्न दिने अवस्था छैन । हामीले काम गरिरहेका ठाउँहरूमा एक जिल्लावाट अर्को जिल्लामा कामदारहरू लगेर कामहरू गर्नुपर्ने अवस्था छ । अर्को भएका कामहरू पनि निरतरको बर्षाले बिर्गार्ने काम गरेको छ । नेपालीहरूको दशै नजिकै आएको छ । यी सवै कारणहरूले गर्दा दशै-तिहार पछाडी मात्र कामहरू अगाडी बढ्ने सम्भावना देखिछन् ।

**० अहिले संक्रमणको अवस्था भएपनि निर्माणका कामहरू नरोक्ने भनेर सरकारले टेन्डरहरू खुल्ला गरिरहेकै छ । बिगतमा त बिबिध पसिस्थितिले समयमा सम्झौता भईसकेका कामहरू सम्पन्न हुन सकेका छैनन् तर अहिले सम्झौता भएका कामहरू तोकेको समयमै सम्पन्न हुने आधारहरू केही छन् ?**

– काम लिएपछि सम्पन्न गनैपर्छ । त्यो ब्यवसायीको जिम्मेवारी पनि हो । राज्यले काम गर्न लगाउछ पनि परिस्थितिका कुराहरू पनि हुन्छन् बिशेष गरेर कोभिडको संक्रमण दर अझै घटेको छैन । यो कति लामो समय जान्छ भन्ने हो । काम सम्पन्न गर्ने निर्माण ब्यवसायीको कत्ब्य हुन्छ । तर भोलि फेरी लकडाउन भयो भने समयमा सम्पन्न हुन सक्दैन । आधार भनेको त राज्यले तोकेको ऐन कानुनहरू छ । तोकेर लेखेर नै दिएको छ । लेखेर तोकेर दिएको कुरा होईन भन्न पाईदैन । के मा आश्वस्त हुनुपर्छ भने मैले यो काम लिएको हो । मैले यो काम समयभित्र गर्नुपर्छ । जुन उहाले गरेको सही हुन्छ त्यो नै काम गर्ने आधार हुन्छ ।

**० मैले याहा निर्माण जगतको कुरा गदै जादा देशभित्रको मात्र कुरा गरिन बिशेष गरेर नेपालमा ठुला हाईड्रो पावरहरू बिदेशी कम्पनीले बनाईरहेका छन् । नेपाली निर्माण कम्पनीले नसकेर बिदेशी आएका हुन ?**

– बिशेष गरेर यसमा दुई तिनवटा त्राईट एरियाहरू छन् । नियम ऐनका पनि कुरा आउछन् । ऐन नै संशोधन गर्नुपर्छ । त्यो प्रस्ताव हामीले राखेका पनि छौ । ऐनभन्दा कुनै पनि निर्माण ब्यवसायी बाहिर जान पाउदैनन् । ऐन कानुन सवैले मान्नु पर्छ । त्यसैले बाध्यताले बिदेशी कम्पनीहरू नेपालमा आएका हुन् । नेपाली निर्माण कम्पनीले एक अर्ब भन्दा ठुला आयोजनाहरूमा भाग लिन नपाउने ब्यवस्था छ । नेपालमा बनिरहेका ठुला जलबिधुत आयोजना बिदेशी कम्पनीले बनाईरहेका हुन् ।

**निर्माण ब्यवसायी महासंघले यस बिषयमा पहल गरेको छैन ?**

पहल भईरहेको छ । सार्वजानिक खरिद ऐन संशोधन गर्न हामीले पहल गरेका छौ अहिले संसदमा दर्ता भएको छ । त्यो नेपाली निर्माण ब्यवसायीको पक्षमा आउने आशाम हामी बसेका छौ । दश अर्ब सम्मको निर्माण गर्दा बिदेशी कम्पनीसँग नेपाली कम्पनीको जुनसुकै सेयरमा सहभागी हुन पाउनुपर्छ भनेर प्रस्ताव राखेका छौ । त्यो चाडै आउछ ।

**तपाईसँग निर्माण क्षेत्रको लामो अनुभव छ । निर्माण क्षेत्रमा यि यि काम गर्न पाए छिटो गरितो ढंङगवाट नेपाल यस्तो सुन्दर देश बन्थ्यो र खुशी नेपाली बन्थ्यौ भन्ने लागेको सपना भन्दिनुस न ?**

मैले २०४८ सलदेखि यस क्षेत्रको अनुभव गदै आएको छु । त्यतिवेला देखि नै मैले उठाउदै आएको उपभोक्ता समिति ग्रेडिङको खारेजी, एउटै निर्माण कम्पनीले एक भन्दा अर्को काम नदिने र सवैलाई काम बाढेर दिनुपर्छ । अर्को सवैभन्दा निर्माण क्षेत्रकै शत्रुको रूपमा रहेको घटेर जाने प्रबृति जाहा न सामान लाने ठाउँ हुन्छ , न कुनै सामान त्यस क्षेत्रमा पाईन्छ । अन्दा धुन्द बिलो घटेर जाने र काम गदै जादा आर्थिक अभाव र घाटा लाग्ने सम्झेर आफै निरास हुने त्यसकारणले समयमा काम पनि सम्पन्न नगर्ने जस्ता समस्या छन् यो छिटोभन्दा छिटो रोक्नुपर्छ । ब्यवसायीको क्षमता के कस्तो हो हेरेर मात्र राज्यले काम दिनुपर्छ अनिमात्र गुणस्तर र तोकेको समयमा काम सम्पन्न हुन्छ ।

अर्को भनेको राज्यले काम लगाउनु भन्दा पहिला साईड क्लियर गरिदिनुपर्छ जस्तै मुअब्जा, बिजुलीका पोलहरू छन् भने हटाउने सार्ने , जङगल छन् भने बनवाट स्वीकृत लिने रूखहरू काट्ने ईआईए ईईए सम्पुर्ण सरकारले गरिदिनुपर्ने काम गरिदिएर क्लियर गरेर मात्रै बोलपत्र आवाह्वन गरिदिने हो भने समयमा निर्माण सम्पन्न गर्न निर्माण ब्यवसायीहरू सक्छन् । धेरै ओगट्ने प्रबृति छ । त्यो ओगट्ने प्रबृति फालेर सुन्दर देश बनाउन सक्छौ ।

**० अन्तमा भन्न मन लागेका महत्वपुर्ण छुटेका**

– मलाई लागेका कुराहरू सम्भवत आइ नै सकेका छन् । फेरी पनि दोऱ्याए सवै भन्दा घटेर जाने प्रबृति छ । यसलाई रोक्नुपर्छ । ब्यवसायीको क्षमता हेरेर काम दिनुपर्छ । अहिले कोभिडको कारण धेरै मानिसहरू बेरोजगार भईरहेका छन् सवैभन्दा धेरै रोजगार दिन तत्कालै सकिने क्षेत्र निर्माण क्षेत्र पनि हो । यो क्षेत्रमा राज्यले प्रोत्साहन मुलक कार्यक्रम गर्नुपर्छ भौतिक पुर्वधार पनि बन्छन् रोजगार पनि पाउछन् भनेर माग पनि राखेका छौ ५ करोड सम्मको काम जिल्लाले नै निकालोस त्यहीका जिल्लाका मानिसहरूले काम गरूण र त्याहीका स्थानीयहरूले काम गरूण उनिहरूले आ-आफनो क्षेत्रमा जीविको पार्जन गर्न पद्दत पुग्छ भन्ने निर्माण ब्यवसायी महासंघको धारणा छ । निर्माण ब्यवसायी साथीहरूले राज्यले दिएको रेटमा नघट्नुस र तोकेको समयमा काम सम्पन्न गर्नुस घटेर बिलो हाल्दा यति घाटा भयो भनेर पछुताउनुको सट्टा पहिला नै हिसाव गरेर काम लिनुस र आफु पनि कमाउनुस राष्ट्र निर्माण गर्नुस भन्ने आग्रह गर्दछु ।

**० हस समय दिनुभयो धन्यवाद**

– मलाई पनि मेरा धारणा राख्ने अवसर दिनुभयो जन आकाश मिडियालाई धन्यवाद ।



**रोशन दाहाल**
**महासचिव, नेपाल निर्माण ब्यवसायी महासंघ**

# भोजपुरमा रङ्गशाला निर्माण जारी

भोजपुर । प्रदेश नं १ सरकारको प्राथमिकतामा रहेको भोजपुर रङ्गशाला निर्माणको काम ४० प्रतिशत सम्पन्न भएको छ। वर्षात् तथा लकडाउनमा समेत निरन्तरता दिएकाले कामले गति लिएको हो ।

सदरमुकाम नजिकै रहेको कोदारमा शहरी विकास तथा भवन निर्माण कार्यालय धनकुटाको रु १४ करोड पाँच लाख लागतमा गत मङ्सिर महिनाबाट रङ्गशालाको निर्माण शुरु भएको हो । विसं २०८० सम्म निर्माण अवधि भए पनि सरकारले समयमा बजेट दिएमा सम्झौताअघि नै काम सम्पन्न गर्ने निर्माण कम्पनी रायामाझी, मार्सेली जेभीले जिकिर गरेको छ। मार्सेली निर्माण कम्पनीका प्रमुख श्याम श्रेष्ठले भन्नुभयो, "लकडाउनमा चार महिना हामीले काम बाँकी ८ पृष्ठमा

गाई वस्तुमा लाग्ने लम्पी स्किन डिजीज्को
रोकथाम तथा नियन्त्रणका उपायहरु

- रोगी गाईहरु भेटिएको स्थानबाट अन्यत्र गाई र भैंसीहरुको आवातजावत रोक्ने, रोगी पशुहरुलाई अरु पशुहरुभन्दा अलग्गै राखेर उपचार गर्ने व्यवस्था मिलाउन र विरामी पशुको जुठो अन्य निरोगी पशुलाई खान नदिने ।
- मृत्यु भएका पशुहरुको उचित व्यवस्थापन गर्ने ।
- रोग सार्ने लामखुट्टे, भोल किर्ना तथा टोक्ने झिङ्गा आदिको नियन्त्रण गर्ने ।
- यो रोगका विषाणु इथर (20%), क्लोरोफर्म, फर्मालिन (1%) फिनेल (2% र 1 %) मिनेट), सोडियम हाइपोक्लोराट (3-3%), आयोडिन (1:33 घोल), भिरकोन यस (2%) तथा एमोनियम कम्पाउण्ड (0.5%) हरुसंग अति संवेदनशील हुने हुँदा यसको प्रयोग गरेर विषाणुलाई निस्क्रिय पार्न सकिन्छ ।
- पशुहरुको रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्न भिटामिन, मिनरल्सहरुको प्रयोग गर्ने ।
- पशु बाँध्ने गोठ सधैं ओभानो र सफा राख्ने ।
- गोठको वरिपरि पानी जम्न नदिने ।
- भकारोमा पानी, पिसाव जम्न नदिने ।
- फार्ममा मानिसको आवातजावत नियन्त्रण गर्ने ।
- रोगको लक्षणहरु देखिएको खण्डमा पशु चिकित्सकसंग तुरुन्त परामर्श लिने ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश, हेटौंडा मकवानपुर

## बैंक अफ काठमाण्डूले शेयरधनीलाई १६ प्रतिशत लाभांश घोषणा

काठमाडौं । बैंक अफ काठमाण्डू लिमिटेडले आर्थिक वर्ष २०७६-७७ को लाभांश घोषणा गरेको छ । बैंकले गत आर्थिक वर्षको मुनाफाबाट शेयरधनी महानुभावहरुलाई १६ प्रतिशत लाभांश दिने घोषणा गरेको हो । बैंकको सञ्चालक समितिको बैठकले चुक्ता पुँजीको १३ प्रतिशत बोनस र ३ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्ने प्रस्ताव गरेको हो । उक्त प्रस्तावलाई नेपाल राष्ट्र बैंकले स्वीकृत तथा बैंकको आगामी वार्षिक साधारण सभाले पारित गरेपछि शेयरधनी महानुभावहरुलाई लाभांश वितरण गरिने बैंकले जानकारी दिएको छ ।

## कलाकार प्रदिप खड्का र कृष्टिना गुरुङ प्रभु बैंकको ब्राण्ड एम्बास्डर नियुक्त

बैकिङ खबर । नेपाली सिनेमा क्षेत्रका ख्याति प्राप्त कलाकार अभिनेता प्रदिप खड्का र अभिनेत्री कृष्टिना गुरुङलाई प्रभु बैंक लिमिटेडले एक वर्षका लागि आफ्नो ब्राण्ड एम्बास्डरमा नियुक्त गरेको छ । प्रभु बैंक लि. का प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले बबरमहलस्थित बैंकको प्रधान कार्यालयमा आयोजित एक कार्यक्रममा कलाकारद्वय प्रदिप खड्का र कृष्टिना गुरुङलाई बैंकको ब्राण्ड एम्बास्डरमानियुक्तीगर्ने सम्बन्धी एक सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो । उक्त हस्ताक्षर कार्यक्रममा कलाकारद्वय खड्का र गुरुङ अभिनित प्रभु बैंक लि. को विज्ञापन सार्वजनिक गरिएको थियो । नेपाली सिनेमा जगतका ख्यातिप्राप्त कलाकारद्वय प्रदिप खड्का र कृष्टिना गुरुङ प्रभु बैंकको ब्राण्ड एम्बास्डर नियुक्त हुनुभएपछि सर्वसाधारणमा प्रभु बैंक प्रतिको विश्वसनीयतामा वृद्धि हुने प्रभु बैंकले विश्वास लिएको जनाएको छ ।

## सिद्धार्थ बैंकद्वारा ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीलाई सहयोग

काठमाडौं । सिद्धार्थ बैंकले ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीलाई सहयोग गरेको छ । बैंकले सोमबार ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीलाई दुई लाख उनासी हजार पचास रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको हो । सो रकम बैंकका हेड अफ सर्कल अफिस, त्रिपुरेश्वरको अजय भण्डारीले ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीका अध्यक्ष कमला अधिकारीलाई हस्तान्तरण गरेका हुन् ।बैंकबाट प्राप्त उक्त रकम गुठीले उल्लेखित आवश्यक परेका २० छात्रा विद्यार्थीहरूको शिक्षाका निम्ति प्रयोग गर्ने जनाएको छ । महिला बेचबिखन निवारण, महिला हिंसा अन्त्य, महिलाहरूको स्वास्थ्य सुधार र महिला शिक्षाका लागि कार्यरत हुँदै आइरहेको ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीलाई बैंकले समय समयमा सहयोग गर्दै आइरहेको छ । बैंकले विभिन्न सामाजिक उत्तरदायित्व निर्वाह सम्बन्धि कार्यहरूमा सहभागिता जनाउदै आएको र आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिने जनाएको छ ।

## सांग्रिला डेभलपमेन्ट बैंक र पे नेप (मोरु) बीच सम्झौता

काठमाडौं । सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई सहज र डिजिटल बैंकिङ्ग सेवा दिदैं आईरहेकोमा थप सुविधालाई मध्यनजर गर्दै पे नेपको (मोरु) बीच सम्झौता गरिएको छ । यस सम्झौता अन्तर्गत ग्राहकहरुले निकै प्रचलनमा रहेको इन्टरनेट बैंकिङ्ग तथा मोबाईल बैंकिङ्गद्वारा आफ्नो खातामा रहेको रकम पे नेपको (मोरु) मा लोड गरी मोबाईल टपअप, एअर टिकट खरिद, खानेपानी शुल्क भुक्तानी, विद्युत महसुल भुक्तानी, सिनेमाका टिकेट जस्ता विभिन्न अन्य सुविधाहरु प्राप्त गर्न सक्नेछन् । चेक र ब्‍ट को विकल्पको रुपमा आएको यो सुविधा उपयोगी हुने विश्वास बैंकले लिएको छ । बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा मुलुकभर ९१ शाखा कार्यालयहरु, ३० एटिएम, साथै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई यस बैंकले पालना गर्दै आएको छ ।

## सहकारीको दोहोरो सदस्यता र कारोबारमा कडाइ

सहकारी ऐन-२०७४ को व्यवस्थाअनुसार आउँदो कात्तिकबाट सहकारीमा सदस्यता र कारोबारसम्बन्धी प्रावधानमा कडा हुने भएको छ । ऐनले दोहोरो सदस्यता हटाउन र मुख्य कारोबार लागू गर्नका लागि तीन वर्ष समय दिएको थियो । उक्त समयसीमा असोजमा सकिने भएकाले कात्तिकबाट सहकारीमा विद्यमान दोहोरो सदस्यता र विषयगत सहकारीले गरेको वित्तीय कारोबार गैर कानुनी हुने भएको हो ।

## मुक्तिनाथ विकास बैंकद्वारा पानी ट्याङकी हस्तान्तरण

काठमाडौं । मुक्तिनाथ विकास बैंक लिमिटेडले धनगढी उप-महानगरपालिका बसपाकको लागि शुद्ध पिउने पानीको ट्याङकी हस्तान्तरण गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत उप-महानगरपालिकाको धनगढी बसपार्कको लागि पानी ट्याङकी हस्तान्तरण गरेको हो । उक्त शुद्ध पिउने पानी ट्याङकी बैंकको धनगढी शाखा प्रमुख उमेश जोशीले धनगढी उप-महानगरपालिका वडा नं ४ का अध्यक्ष दिपक थापालाई हस्तान्तरण गरेका हुन् । उक्त हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि दिपक थापाले मुक्तिनाथ विकास बैंक नाफा मात्र केन्द्रित नभई सामाजिक कार्यहरुमा समेत सहभागी भई गरेको विभिन्न सामाजिक कार्यको प्रशंसा समेत गरे । बैंकले हाल ४२ जिल्लामा १३४ वटा शाखाहरु मार्फत ग्राहक आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथा कर्जा सेवाहरु प्रदानगर्दै आई रहेको छ ।कोरोनाको संक्रमणबाट सुरक्षित भई डिजिटल बैंकिङ्ग कारोबार प्रोत्साहन गर्न ग्राहकले ब्ब्ब् ल्म्त्ब्द्ग्च् अन्तर्गत जुन सुकै बैंकको ब्‍बाट विनाकुनै शुल्क रकम झिक्न सकिने व्यवस्था गरेको बैंकले जनाएको छ ।

## मेगा बैंकको मेगा स्मार्ट कृषि सेवा सुरु

मेगा बैंकले व्यावसायिक किसानहरुलाई प्राथमिकतामा राख्दै 'मेगा किसान कार्ड' सहितको 'मेगा स्मार्ट कृषि' सेवा सुरु गरेको छ । बैंककी प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले सूर्यविनायक शाखाका किसान ग्राहकलाई पहिलो कार्ड हस्तान्तरण गरेर 'मेगा किसान कार्ड' सहितको 'मेगा स्मार्ट कृषि' सेवाको सुरु गरेकी हुन् । स्थापनाकालदेखि नै 'हलोदेखि हाइड्रोसम्म'लाई मुलमन्त्र बनाएको बैंकले व्यावसायिक किसानहरुको समयानुकुल आवश्यकतालाई हेरी 'मेगा किसान कार्ड' सुविधा ल्याएको हो । किसानलाई सहज रुपमा बैंकिङ सुविधा प्रदान गर्दै देशलाई कृषिमा आत्मनिर्भर बनाउने सरकारको नीतिलाई सहयोग गर्ने उद्देश्यले 'मेगा किसान कार्ड' ल्याएको मेगा बैंकले जनाएको छ । व्यावसायिक कृषि तथा पशुपालन र महिला उद्यमीलाई यसअघि देखि नै प्राथमिकता दिँदै आएको मेगा बैंकले कृषि क्षेत्रको वित्तीय आवश्यकतालाई सम्बोधन गर्दै किसानहरुको कृषि उत्पादकत्व वृद्धि गर्ने उद्देश्य लिएको छ । जसअनुसार यस अभियानलाई प्रभावकारी बनाउन मेगा बैंक र आर एण्ड डी ईनोभेटिभ सोलुसनसँग सम्झौता समेत भइसकेको छ । किसानहरुको प्रवर्धन गर्दै प्राविधिक सहायता समेत गर्दै आएको आर एण्ड डीसँगको सम्झौतापछि व्यावसायिक किसानहरुलाई अनुदान ऋण लिन थप सहज मिल्ने मेगा बैंकको विश्वास छ ।

## गरिमाले सहारा विकास बैंकलाई एक्वायर गर्ने

गरिमा विकास बैंकले सहारा विकास बैंक एक्वायर गर्ने भएको छ । सर्लाहीको मलंगवामा रहेको सहारालाई प्राप्ति गर्ने सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

अहिले गरिमाको अधिकृत पुँजी ५ अर्ब र जारी तथा चुक्ता पुँजी ३ अर्ब २३ करोड ८६ लाख ८९ हजार ४ सय २८ रुपैयाँ छ भने सहाराको अधिकृत पुँजी ५० करोड र जारी तथा चुक्ता पुँजी २५ करोड ५४ लाख ८१ हजार रुपैयाँ छ ।

गरिमाको सातै प्रदेशमा १०२ शाखा कार्यालयहरु मार्फत र सहाराले सर्लाहीमा ४ शाखा कार्यालय र १ एक्स्टेन्सन काउन्टर मार्फत सेवा दिएको छ । एक्वायर वैशाख १ गतेभित्र सक्ने सहमति भएको छ ।

## कुमारी बैंकको आकर्षक मार्जिन लेन्डिङ कर्जा योजना

कुमारी बैंक लिमिटेडले नेपाल धितोपत्र विनिमय बजारमा कारोबार हुने सेयर खरिदका लागी सस्तो ब्याजदरमा कुमारी मार्जिन लेन्डिङ योजना सार्वजनिक गरेको छ । यस योजनाअन्तर्गत सेयर किन्नु अघि कुनै धितो आवश्यक नपर्ने, कर्जा लिई किनिएको सेयर खरिद पपछि सोही सेयर धितोमा रहने प्रावधान रहेको छ । साथै, यस कर्जामार्फत सेयर खरिद गर्न इच्छुक लगानीकर्ताले ब्रोकरमार्फत बैंकमा सम्पर्क गरी कर्जा स्वीकृत गराउन सकिनेछ । उक्त कर्जा योजना हालसम्मकै निकै आकर्षक तथा उपयोगी रहेको बैंकले जनाएको छ ।

हाल बजारमा प्रवाह हुने सेयर कर्जाहरुमा सेयर खरिद गर्नु अघि नै धितो आवश्यक रहने गरेको छ ।

सेयर बजारमा लगानी गर्न चाहने तर अर्थको अभावले लगानीबाट वञ्चित सर्वसाधारणहरुलाई मध्यनजर गर्दै उक्त कर्जा सुविधा ल्याइएको बैंकले जनाएको छ । कोभिड १९ को विषम परिस्थितिमा सीमित भएको लगानीयोग्य क्षेत्र र सोही परिस्थितिमा आकर्षक बनेको सेयर बजारलाई मध्यनजर गर्दै उक्त कर्जा योजना ल्याएको बैंकले जनाएको छ ।

७० वर्षसम्म उमेर पुगेकाले उक्त कर्जा योजनाको लाभ उठाउन सक्ने छन् र उचित परामर्श, न्यूनतम प्रोसेसिङ फी एवं ७२ घण्टामै कर्जा प्रवाह हुने जस्ता आकर्षक सुविधाहरु दिइने बैंकले जनाएको छ । २० वर्षदेखि निरन्तर सेवा दिइरहेको कुमारी बैंकले आफ्ना १८१ शाखा सञ्जाल, १३९ एटिएम, २२ शाखारहित बैंकिंग इकाइमार्फत सेवा दिइरहेको छ ।

# बैकिङ्ग संसार

## सानिमा बैंकको नयाँ शाखा रौतहटको चन्द्रपुरमा

सानिमा बैंक लिमिटेडले चन्द्रपुरमा आफ्नो ८३ औं शाखा कार्यालय स्थापना गरी बैकिङ्ग सेवा विस्तार गरेको छ । सानिमा बैंकको चन्द्रपुर शाखा असोज १४ देखि औपचारिक रुपमा संचालनमा आएको हो । रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं.४ स्थित, चन्द्रपुर शाखाको उद्घाटन चन्द्रपुर नगरपालिकाका मेयर रामचन्द्र चौधरीले गरे । जारी कोरोना भाइरसको संक्रमणलाई ध्यानमा राख्दै सुरक्षा सावधानीका उपायहरु अपनाई शाखा सञ्चालनमा आएकोमा मेयर चौधरीले सानिमा बैंकलाई धन्यवाद दिँदै आगामी दिनमा पनि सुरक्षित तरिकाले शाखाको सेवा सुचारु राख्न आग्रह गरे । सो शाखा सञ्चालनमा आएसँगै चन्द्रपुर र सो क्षेत्र आसपासका बासिन्दालाई गुणस्तरीय बैकिङ्ग सेवामा सहज पहुँच पुग्ने विश्वास बैंकले लिएको छ । सानिमा बैंकको सातै प्रदेशमा हाल ८३ वटा शाखा, १५ विस्तारित काउन्टर र ८१ वटा ए.टि.एम. संचालनमा रहेका छन् ।

एनआइसी एशिया बैंकमा अनलाइनमार्फत कर्जाको आवेदन दिन सकिने

एनआइसी एशिया बैंकले अनलाइनमार्फत कर्जा आवेदन दिन सकिने 'अनलाइन कर्जा आवेदन प्रणाली'को व्यवस्था गरेको छ । कोरोना भाइरसको महामारीकाबीच भौतिक दूरी कायम राख्नुपर्ने आवश्यकतालाई महसुस गर्दै बैंकले अनलाइन कर्जा आवेदन प्रणालीको सुरुवात गरेको जनाएको छ ।

बैंकले आफ्नो 'डिजिटल फष्ट बैंक' बन्ने दीर्घकालिन रणनीति अनुरुप आफ्नो सम्पूर्ण व्यवसायिक प्रक्रिया तथा क्रियाकलापलाई डिजिटलतर्फ परिमार्जन गर्न लागिपरेको भन्दै विद्यमान कर्जा आवेदन प्रक्रियालाई समेत अनलाइन माध्यमबाट सहजपूर्ण तरिकाले अनलाइन आवेदन दिन सकिने व्यवस्था गरेको हो ।

कर्जाको आवेदन अनलाइन दिन सकिने उक्त नवीनतम सुरुवातले बैंकको कर्जा आवेदन लिने र प्रक्रियामा लैजाने विद्यमान व्यवस्थालाई विस्थापित गर्नुका साथै बैंकसम्म पुगेर कर्जा आवेदनका निमित्त भौतिक फारम भर्नुपर्ने झन्झटबाट समेत ग्राहकले मुक्ति पाउने भएका छन् ।

ग्राहकले जुनसुकै स्थानबाट जुनसुकै समयमा आफूले इच्छाएको कर्जाको आवेदन दिन सक्नेछन् । ग्राहकले लिन सक्ने कर्जाको सीमा तथा आयस्रोत अनुसार कर्जा लिन सक्ने क्षमता निर्क्यौल गर्न सकिने व्यवस्था गरिएको छ भने कर्जा लिनका लागि योग्य भए नभएको देखाउनेछ । र, योग्य भएपश्चात् सम्पूर्ण विवरण अनलाइनमार्फत भरेर ग्राहक महानुभावहरूले सम्पूर्ण कागजात सोहीमार्फत अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

यसपछि ग्राहकलाई कर्जा लिनका लागि छनौट गरेको बैंकको शाखा कार्यालयका कर्जा प्रतिनिधीले सम्पर्क गर्नेछन् । र, सम्पूर्ण आवश्यक कागजात बुझाएको ४८ घण्टाभित्र आवेदकलाई बैंकले कर्जाको निर्णय दिने व्यवस्था गरेको छ । साथै आवेदकको कर्जा स्वीकृतिको विभिन्न अवस्था बारेमा समेत यस बैंकले एसएमएसमार्फत जानकारी गराउँदै आएको छ । र, ग्राहकले बैंकको वेबसाइटमा गई लोन स्टाटससमेत आफैं ट्र्याक गर्न सक्नेछन् ।

## एनएमबि बैंक पीसीएएफको स्टिअरिङ कमिटीमा एनओए प्रतिनिधि चयन

पार्टनरसिप फर कार्बन काउन्टिङ फाइनान्सियल (पीसीएएफ)को स्टिअरिङ कमिटिमा एनओएको प्रतिनिधिका रुपमा एनएमबि बैंकलाई समावेश गरेको छ । पीसीएएफ वित्तीय संस्थाहरूको विश्वव्यापी साझेदारी हो । जुन उनीहरूको कर्जा/लगानीसँग सम्बन्धित ग्रीनहाउस ग्यास ९जीएचजी० उत्सर्जनको आँकलन गर्न र खुलासा गर्न एक सामंजस्यपूर्ण दृष्टिकोणको विकास र कार्यान्वयन गर्न सहकार्य गर्दछ । कार्बन लेखा वित्तीय साझेदार कर्जा र लगानीले फाइनान्स गरेको ग्रीन हाउस ग्यास उत्सर्जन मापन गरी प्रस्तुत गर्न उद्योगको नेतृत्वमा संस्थागत सम्पत्तिको पहल गर्न संयुक्त राष्ट्र संघले आयोजना गरेको अन्तर्राष्ट्रिय गठबन्धनसँग मिलेर काम गर्न तथा सहभागितालाई सुदृढ र विस्तार गर्ने प्रयास गरेको छ । पीसीएएफको स्टिअरिङ कमिटिको विस्तार गर्दा यसले मूल्य र मान्यतामा आधारित बैंकिङको जग निर्माण गर्न, एशियाबाट प्रमुख प्रतिनिधि थप्न र यसको विश्वव्यापी र विविध प्रकृतिलाई अझ विशेष गरी संस्थागत लगानीकर्ताको दृष्टिकोणबाट सुदृढ पार्न अनुमति दिन्छ ।

पीसीएएफले अब नेट जिरो एसेट ओनर अलाइन्स (एओए)सँग सहकार्य गरिरहेको छ । एओएका प्रतिनिधिलाई यसको स्टिअरिङ कमिटिमा समावेश गरेको छ र नेपालबाट एनएमबि बैंकलाई यसको नेतृत्व गर्न स्वागत गरेको छ ।

स्टिअरिङ कमिटि जसले अब विस्तारको आशा नगरी अब एएनबी, अम्रो, अमालगामेटेड बैंक, एएसएन बैंक, ग्लोवल अलायन्स फर भ्यालु वेस्ड बैंकिङ (जीएवीबी), ट्राइओड्स बैंक, मोर्गन स्टान्ले, द नेट शुन्य सम्पत्ति मालिक अलायन्स ९नोर्दिया लाईफ र पेन्सनको प्रतिनिधि० र एनएमबी बैंक सबै प्रकारका वित्तीय संस्था र विश्वव्यापी उपस्थितिलाई प्रतिविम्बित गर्दै, पूर्ण स्टिअरिङ कमिटि कार्बन अकाउन्टिङ फाइनान्सियलको थप विकासको नेतृत्व गर्न र कोप २६ भन्दा अघि पहल बढाउन उत्साहित छ ।

सेप्टेम्बर २०१६ मा, कार्बन अकाउन्टिङ फाइनान्सियल ९पीसीएएफ० को साझेदारी विश्वव्यापी रूपमा सुरू भएको र हाल पीसीएएफ पहलमा ७५ बैंक र लगानीकर्ताले सदस्यता लिएको बैंकको भनाइ छ ।

# राज्य सत्तामा मस्त, समाज आलोचनामा व्यस्त

**डा. देवीप्रसाद आचार्य**

लोकतान्त्रिक राज्य व्यवस्थाको एउटा सुन्दर पक्ष वाक् स्वतन्त्रता हो । जनताले बोल्न, लेख्न र राज्यका कमीकमजोरीमा औंला ठडाउन पाउने व्यवस्था भएकाले सायद प्रजातन्त्रलाई जनताका लागि जनताद्वारा बनाइएको राज्यव्यवस्था भनिएको हो । अहिले नेपाल कम्युनिस्ट पार्टीको जननिर्वाचित सरकारका कमीकमजोरीलाई जनताले खबरदारी गरिरहेका छन् । सडक, चिया, चौतारी, मेलापात, बहस, जमघट, लेख, रचना लगायतका माध्यमबाट सरकारका कामहप्रति तीव्र असन्तुष्टि व्यक्त हुने गरेका छन् । तर, सरकारले त्यस्ता असन्तुष्टिबारे खासै चासो राखेको देखिँदैन । अहिले जुन राजनीतिक दल वा व्यक्तिले सत्ता चलाएका छन्, उनीहरू नै इतिहासमा तत्कालीन राज्य सत्ताका प्रहारकर्ता थिए । समाजको गरिबी, अभाव, विभेद र अन्यायविरुद्ध संघर्ष गरेका मानिसकै हातमा अहिले सत्ता छ । तर, विडम्बना ! अहिले उनीहरूले नै देशलाई विकास र सुशासन दिन सकेका छैनन् । समाजमा राम्रो काम गर्नेलाई गल हत्याउने जनविरोधी कार्यमा संलग्न रहेको जस्तो देखिन थालेको छ । समाजका सचेत नागरिकले राज्यले गरेका कामप्रति प्रशंसा गर्ने अवस्था सिर्जना हुन सकेको छैन । इतिहासमा राज्यलाई जनताले राम्रो काम गर भन्दा उनीहरूको हुर्मत लिने र राज्यको रसपानमा रमाउने दृष्टान्त नजिर बनेका छन् । भीमसेन थापालाई आत्महत्या गराउन बाध्य बनाउने पनि तत्कालीन राज्य सत्ताका मान्छे नै थिए । धर्मभक्त, गंगालाल, दशरथ चन्द्र र शुक्रराज शास्त्रीलाई जनताको अधिकारको कुरा गर्दा झुन्ड्याएर मार्ने पनि तत्कालीन समाजका उन्मत्त शासक नै थिए । ढिलोछिटो सत्यको जित हुन्छ भनिन्छ । जुन सपनाको लागि शहीद लडेका थिए । त्यो सत्य यथार्थमा परिणत हुन धेरै समय लागेन । २००७ मा शहीदको राजनीतिक स्वतन्त्रताको सपना पूरा भयो । यसरी हेर्दा हाम्रो देशमा राज्य सत्ता कहिल्यै पनि सत्यको नजिक रहेर जनताको पक्षमा काम गरेको पाइँदैन । यो मुलुकका धेरै क्षेत्र समस्याग्रस्त छन् । समस्या नै समस्याका क्षेत्रमध्ये स्वाथ्यसेवा र स्वास्थ्य शिक्षामा सुधार गर्न पर्ने विषयलाई लिएर लामो समयदेखि डा. गोविन्द केसी संघर्षमा छन् । पटकपटक उनले आमरण अनशन गरेका छन् । सरकारले उनीसँग सम्झौता गरेर अनशन तोडाउँछ तर सझौता लागू गर्दैन । स्वास्थ्य क्षेत्रमा भएका विसंगतिलाई हटाएर जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा दिनुपर्ने दायित्व स्वयं राज्यको हो । एउटा जीवनभर जनताको सेवा गरेका निवृत्त डाक्टरले बुढेसकालमा पनि देश र जनताका लागि सत्याग्रह गर्नुपर्ने ? सधैंभरि जनताको करमा डकार्नेले राम्रो काम गर भनेर मार्गचित्र दिँदा पनि काम नगर्ने ? यही हो, लोकतान्त्रिक भनिएको सरकार ?

जननिर्वाचित लोकतान्त्रिक सरकार भएको बेलामा पनि राज्यलाई राम्रो काम गर्नका लागि जनताले संघर्ष गर्नुपर्ने अवस्था आउनु दुःखको कुरा हो । राज्यले विकास निर्माणमा जनतालाई सहभागी गराएर अभिभावकत्व दिन सकेको छैन । राज्य पक्षबाट जनतालाई सन्तुष्ट पार्ने काम गर्न सकिएको छैन । नेपाल कम्युनिस्ट पार्टीको सरकार बनेको पौने तीन वर्षमा अनेक प्रकरण भए । ती प्रकरणमा जनता कहिले सडकमा आए त कहिले सामाजिक सञ्जालबाट खबरदारी गरे । गुठी विधेयकविरुद्ध काठमाडौं बासी घरघरबाट सडकमा निस्किएपछि यो हठी सरकारपछि हट्न बाध्य भयो । यती प्रकरण, औषधिमा भ्रष्टाचार, एमसीसी प्रकरणलगायतमा यो सरकार आलोचित छ । अझै राजनीतिक नियुक्ति पाउने विभिन्न ठाउँमा आफन्तहरूकै वर्चस्त देखिएको छ । नातावादले सीमा नाघेको छ । काम नगर्ने तर गनगन गर्न पनि नछाड्ने तमासा देख्दा समाजले सरकारको कार्य क्षमता भूपि शेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितामा रहेको आशयजस्तो भएको धारणा राख्दछन् । त्यसैले सरकार अब सच्चिएर अघि बढ्नुको विकल्प छैन । नेपाल विद्युत् प्राधिकरणमा कुलमान घिसिङको पुनर्नियुक्तिका लागि समाज तातेको छ । देशलाई लोडसेडिङबाट मुक्त बनाएर प्राधिकरणलाई मुनाफामा लैजान सफल व्यवस्थापक कुलमान घिसिङलाई पुनर्नियुक्ति गर्नुपर्ने माग गर्दै युवाहरू सडकमा आएका छन् । उनलाई हटाउन नहुने कुराले सामाजिक सञ्जाल भरिएको छ । तर, यो सरकारले उनको पुनर्नियुक्तिमा कानुन व्यवधान रहेको वकालत गरेको छ । नेपाली जनता कुनै व्यक्तिको पछाडि लागेर कुलमानको जयजयकार गाएका होइनन् । जसले राम्रो काम गर्दछ, उसको पछाडि लागेका हुन् । अर्को शब्दमा कोही कसैबाट राम्रो काम देख्न र अनुभव गर्न नपाएका र सरकारबाट विश्वास गुमाउँदै गएका नेपाली जनताले उनले गरेको कामको प्रशंसा गरेका हुन् । यो राज्य जनताको हितमा काम गर्ने भए कुलमानजस्ता आफ्नो क्षेत्रका विज्ञ, कुशल व्यबस्थापकलाई किन हटाउनु पर्‍यो ? बरु टाट पल्टिएका अन्य संस्थान, निगम एवं आयोगमा उनीजस्तै दक्ष व्यक्ति खोजीखोजी नियुक्त गर्नुपर्ने होइन र ?

नेपाल कम्युनिस्ट पार्टी आफ्नै दलमा रहेका नेताहरूलाई व्यवस्थापन गर्न नै व्यस्त छ । समाजका कतिपय जानकारले अब २ वर्ष पछाडि आम निर्वाचनमा जाँदा नेपाल कम्युनिस्ट पार्टी के भनेर जनतालाई ढाट्ने होला भन्न थालेका छन् । अझै पनि नेपाली समाजलाई ढाँट्न, ठग्न र गफ दिएर मख्ख पारेमा चुनाव जितिन्छ भन्ने मनोविज्ञानमा रमाएका यिनीहरूले किन समाज विज्ञानको अध्ययन गर्न सक्दैनन् ? पदकै बाँडफाँडको क्रममा अहिले आम निर्वाचनमा जनताले हराएका वामदेव गौतमलाई राष्ट्रिय सभामा लगिएको छ । जनताले नपत्याएका तिनै पात्रले राष्ट्रिय सभाको सदस्य भएपछि नेपाललाई स्विजरल्यान्ड बनाउँछु भन्ने अभिव्यक्ति दिन भ्याए । दलभित्र भागबण्डा मिलेपछि अहिले नेपाल कम्युनिस्ट दलका वरिष्ठ भनिने माधव नेपाल र झलनाथले चुनाव हारे पनि सांसद वा मन्त्री हुन केही फरक नपर्ने कुरा बोल्दै हिँडेका छन् । यस्ता सोच र प्रवृत्ति भएका नेता भएको देशमा जनताले विकास र सुशासनको के आशा गर्ने ? राज्य सञ्चालनमा पुगेका व्यक्ति एवं व्यक्तित्वले काम होइन पद ठूलो सम्झिए । नामका भेद बुझ्न सकेनन् । सुनाम, कुनाम र बदनाम नबुझ्ने नेतृत्व हुनु देश र नागरिकका लागि दुर्भाग्य हो । राजनीतिमा सत्ता भोगमा मस्त हुने वास्तविकताभन्दा धेरै टाढा हुँदा रहेछन् भन्ने दृष्टान्त धेरै छन् । राज्य सत्तामा मस्त भएका अदूरदर्शी नेतालाई जनताले सत्ताबाट च्युत गरेका घटना पनि प्रशस्त छन् । सद्दाम हुसेन, परवेज मुसर्रफ, होस्नी मुवारकलगायतका शासक पछिल्लो समयका दृष्टान्त हुन् । जनताको करबाट सुविधा लिने तर उनै करदातालाई दुःख दिने शासक र प्रशासक जनविरोधी हुन् । ठट्टाका पात्र हुन् । निर्लज्ज मनुवा हुन् । यस विषयमा शासकहरू संवेदनशील बन्नुपर्छ ।

अन्त्यमा, नागरिकको चाहना छ– सरकारले कुर्सी र शक्तिले मैमत्त भई विवेक नगुमाओस् । विकास राजनीतिक व्यवस्थाले मात्र हुने होइन रहेछ, सुशासन, विकास योजना र कार्य दक्षताको खाँचो हुने रहेछ भन्ने कुरासमय बाँकी ८ पृष्ठमा

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिीनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

प्रो. सीताराम श्रेष्ठ
श्री शुभ - लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स
रामेछाप, मन्थली कटहरबोट
मो.९८५४०४०४७३,९८४१५२२६२०,०४८५४०४७३
(निर्माण सम्बन्धि सम्पुर्ण सामानहरुको लागि हामीलाई सम्झनुहोस)

# रामेछाप डायरी

## रामेछाप नगरपालिका पाँच दिन बन्द गर्ने निर्णय, बजार क्षेत्रमा उच्च सतर्कता

रामेछाप । रामेछाप नगरपालिकाभित्र एक वडा अध्यक्ष सहितका व्यक्तिलाई कोरोना संक्रमण पुष्टि भएसँगै नगरपालिकाले पाँच दिन कार्यालय बन्द गर्ने निर्णय गरेको छ । सम्भावित कोरोना संक्रमण फैलिन नदिन नगरपालिकाले पाँच दिने नगरपालिका बन्द गर्ने निर्णय गरेको हो ।

रामेछाप नगरपालिकाका नगरप्रमुख नर बहादुर थापा मगरले कार्यपालिकाका सदस्यलाई कोरोना संक्रमण देखिएपछि पाँच दिनको लागि कार्यालय बन्द गर्ने निर्णय गरेको जानकारी दिनुभयो । आज नगरपालिकाका एक जना वडाअध्यक्ष सहित कार्यालय सहयोगी पदमा कार्यरत एक महिला कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएको थियो ।

रामेछाप नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामगादेले नगरपालिकाबाट प्रवाह हुने अत्यावश्यक बाहेकका सम्पुर्ण सेवाहरु पाँच दिनको लागि बन्द गरिएको बताउनुभयो । आगामी शुक्रवारसम्म नगरपालिकाको कार्यालय बन्द रहने भएको छ ।

लामगादे नगरपालिकामा कार्यरत सबै कर्मचारी र संक्रमितको प्रत्यक्ष सम्पर्कमा पुगेकाहरुको स्वाब संकलन गरि पिसिआर परीक्षणका लागि पठाइने बताउनुभयो । नगरपालिकाको कार्यालय पाँच दिन बन्द गर्ने निर्णयसँगै बजार क्षेत्रमा पनि उच्च सतर्कता अपनाइएको छ ।

## रामेछापका १७३ जनामा कोरोना संक्रमण पुष्टि

नेपालमा कोरोना संक्रमण फैलिएदेखि आजसम्मको अवद्यिमा रामेछापका १७३ जनामा कोरोना संक्रमण पुष्टि छ । जिल्लाबाटै पिसिआर परीक्षणका लागी पठाइएका ८१ जना र जिल्ला बाहिर स्वाब परीक्षण गरिएका तर रामेछाप स्थायी घर भएका ९२ जनामा कोरोना संक्रमण देखिएको स्वास्थ्य कार्यालय रामेछापका जनस्वास्थ्य अधिकृत भुवन थापाले जानकारी दिनुभयो । संक्रमति मध्ये धेरै जना निको भईसकेका छन भने १८ जनाको जिल्लाको विभिन्न ठाउँमा उपचार भईरहेको छ ।

रामेछाप जिल्लामा हालसम्म १५ सय ४१ जनाको पीसीआर विधिबाट कोरोना भाइरस कोभिड १९ को परीक्षण गरिएको छ । यि मध्ये १४ सय ६० जनाको रिपोर्ट नेगेटिभ आएको छ भने ८१ जनाको रिपोर्ट पोजेटिभ आएको छ । अहिलेसम्मसम्म जिल्ला अस्पतालमा ८२ , रामेछाप सामुदायिक अस्पतालमा ६१ जना , मन्थली नगरपालिकामा ५ सय ६ , रामेछाप नगरपालिकामा १ सय ८१ , उमाकुण्ड गाउँपालिकामा १ सय ६१ , खाँडादेवी गाउँपालिकामा ६५ , गोकुलगंगा गाउँपालिकामा २ सय ५३ , दोरम्बा गाउँपालिकामा ४०, लिखुतामाकोशी गाउँपालिकामा १ सय ३१ र सुनापति गाउँपालिकामा ६१ जना गरि १ हजार ५ सय ४१ जनाको पीसीआर विधिबाट कोरोना परीक्षणका लागि स्वाब संकलन गरिएको स्वास्थ्य कार्यालय रामेछापले जानकारी दिएको छ ।

जिल्लामा २५ जना क्वारेन्टिनमा

जिल्लाको विभिन्न पालिकाहरुमा आजसम्म २५ जना क्वारेन्टिनमा रहेका छन । ८ जना महिला र १७ जना पुरुष गरी २५ जना क्वारेन्टिनमा रहेको स्वास्थ्य कार्यालय रामेछापले जनाएको छ । रामेछाप नगरपालिकामा २, उमाकुण्ड गाउँपालिकामा २ , गोकुलगंगा गाउँपालिकामा १८ र लिखु तामाकोशी गाउँपालिकामा ३ जना गरी जिल्लाभर २५ जना क्वारेन्टिनमा रहेका छन् । मन्थली नगरपालिका , दोरम्बा , खाँडादेवी र सुनापति गाउँपालिकामा भने कोहि पनि व्यक्ति क्वारेन्टिनमा बसेका छैनन् । जिल्लामा अहिलेसम्म १ सय ८ बेडको आइसोलेशन कक्ष र ४ सय ९० बेडको क्वारेन्टिन कक्ष स्थापना गरिएको छ ।

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिीनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

बिष्णु बहादुर खड्का
अध्यक्ष
क्षेत्री समाज राष्ट्रिय महासंघ

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिीनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



हरेन्द्र बहादुर श्रेष्ठ
केन्द्रिय अध्यक्ष
उपभोक्ता मञ्च नेपाल

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिीनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

शत्रुधन देव
केन्द्रिय महासचिव
उपभोक्ता मञ्च नेपाल

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिीनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

निर्माण राणा
महानगर समिति काठमाडौं
उपभोक्ता मञ्च नेपाल

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिीनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

महेश नकर्मी
काठमाडौं जिल्ला अध्यक्ष
उपभोक्ता मञ्च नेपाल

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिीनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

सुबोध कु. पौडेल
क्षेत्रीय कार्यसमिति क्षेत्र न. ४ काठमाडौं
उपभोक्ता मञ्च नेपाल

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# ज्येष्ठ नागरिकको जागरूकता दिवस

विश्वनाथ खरेल

प्रत्येक वर्षको अक्टोवर १ तारिकका दिन विश्व समुदायले अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस विश्वभरि मनाइन्छ । यस वर्ष भने कोरोना कहरको कारण संसारभरि कोलाहालपूर्ण अवस्थामा सताइरहेको छ । मूलतः विश्वको जनसंख्याको १२ देखि १५ प्रतिशत अर्थात् ९० करोड जनसंख्या ज्येष्ठ नागरिक रहेका छन् । खानपान, स्वास्थ्य सेवा, उच्च जीवन शैलीका कारण औसत आयु बढेसँगै ज्येष्ठ नागरिकको संख्या क्रमिक रूपमा बढिरहेको छ । नेपालको कुल जनसंख्याको ८.१३ प्रतिशत अर्थात करिव ३० लाख मानिसहरु यही समूहमा पर्छन् । यसमा पनि पुरूषको भन्दा महिलाको संख्या उच्च रहेको छ । संयुक्त राष्ट्रसंघको अनुमान अनुसार सन् २०५० मा पृथ्वीको करिब २५ प्रतिशत जनसंख्या ५५ वर्ष र सोभन्दा माथिका हुनेछन् । त्यसैले वातावरण परिवर्तनबाट यति ठूलो जनसंख्यामा पर्ने असरको उचित व्यवस्थापन गर्न जरूरी छ । तर, अन्तर्राष्ट्रिय नीतिनिर्माताहरु भने यो विषयतर्फ खासै आकर्षित भएको देखिँदैन । यसर्थ विश्वको इतिहासलाई अवलोकन गर्ने हो भने सन् १९९१ मा मानवअधिकारका लागि विश्वव्यापी घोषणापत्रमा वृद्धवृद्धा अर्थात् ज्येष्ठ नागरिका अधिकारका विषयले प्रवेश पाएको थियो । सो घोषणापत्रमा वृद्धवृद्धाहरूको स्वतन्त्रता, सहभागिता, स्याहारसुसार, स्वनिर्वाह वा सन्तुष्टि र प्रतिष्ठाको उपभोग र उपयोग गौरवपूर्ण ढंगे गर्न पाउनुपर्छ । साथै त्यसको रक्षाका खातिर समाजका सबै तह र तप्काका नागरिक सचेत र सक्रिय हुनुपर्ने आवश्यकता रहेको जनाइएको थियो । यसैगरी, सन् २००२ मा जारी संयुक्त राष्ट्रसंघ जनसंख्या कोषबाट वृद्धावस्थासम्बन्धी अन्तरीष्ट्रय कार्ययोजना २००२ मा कार्ययोजनाका लक्ष्य, उद्देश्य र प्रबिद्धताहरूसँग गाँसिएका विभित्र बुँदा समावेश गर्दै सबै वृद्ध व्यक्तिको सम्पूर्ण मानव अधिकार र मौलिक स्वतन्त्रता हरूको पूर्ण बहाली गर्ने, आयमूलक तथा स्वेच्छिक कामका माध्यमबाट समेत आफना समाजमा आर्थिक र राजनीतिक तथा सामाजिक जीवनमा पहुँच उपलब्ध गराउने आदि माध्यमहरूबाट जीवनभर र जीवनको उत्तरार्धमा वैयक्तिक विकास, स्वतन्त्रता, स्वसम्पत्रता तथा समुत्रतिका लागि अवसरहरु उपलब्ध गराउने उल्लेख गरिएको छ । ज्येष्ठ नागरिकका हितका लागि बनेको ऐन र नियमको कार्यान्वयन उचित ढंगले भइरहेको छैन । उनीहरु दयाको पात्र होइनन् भत्रे चेत समाजमा आउन जरूरी छ । उनीहरूलाई सम्मान र आदर गर्ने परिपाटी व्यक्ति, परिवार, समाज र राष्ट्रले बसाल्दै ज्येष्ठ नागरिकसँग भएका ज्ञानका भण्डारबाट व्यक्ति, परिवार, समाज र राष्ट्रले लाभ लिन सक्नुपर्छ । संयुक्त राष्ट्रसंघका अनुसार सन् २०१७ मा विश्वमा ६० वर्षमाथिको जनसंख्या ९७२ मिलियन रहेको जनाएको छ । सन् १९८० मा सो संख्या ३८२ मिलियन थियो भने सन् २०५० मा सो संख्या हालको दोब्बर हुने प्रक्षेपण संयुक्त राष्ट्रसंघले गरेको छ ।

हाम्रो देशको सन्दर्भमा अबलोकन गर्ने हो भने कानुनी रूपमा नेपालका ज्येष्ठ नागरिकले अधिकार पाएको करिब १५ वर्ष भएको छ । सो अधिकार लिपिबद्ध हुने क्रममा ज्येष्ठ नागरिकको अधिकार रक्षाका लागि ज्येष्ठ नागरिक ऐन, २०६३, ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५ ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६१ ज्येष्ठ नागरिक समूह परिचालन निर्देशिका २०७२ आदि जारी भएको छ । यसै क्रममा राष्ट्रमा ६० वर्ष वा सो उमेर पार गरेका व्यक्तित्वलाई ज्येष्ठ नागरिक भनिए पनि अन्तर्राष्ट्रिय तहमा ओल्डर पिपल भत्रे गरिन्छ ।

वृद्धावस्था भनेको जीवनको सन्ध्याकाल हो । जीवनरूपी दिनमा धेरै काम गरेर एउटा विश्राम गर्ने समय हो । शान्ति र सद्भावसाथ थकाइ मार्ने बेला हो । यसरी जीवनरूपी सन्ध्यामा शान्तिपूर्ण ढंगबाट विश्राम गर्न प्रत्येक वृद्ध पुस्तालाई कुण्ठा, पीडा र मानसिक यन्त्रणाबाट मुक्त राखेर आरामपूर्वक आफनो सन्ध्याकालीन जीवन बिताउन सक्ने अवस्था बनाइदिनु पर्छ । यही नै सार्थक समाधान हो । नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमार्फत ज्येष्ठ नागरिकका ज्ञान, सीप र बुद्धि पुस्ता हस्तान्तरण गर्न नयाँ अवधारणा ल्याएको छ, ज्ञान केन्द्र, ध्यान केन्द्र र आराम केन्द्र स्थापना । जहाँ, ज्येष्ठ नागरिकले आफना जीवनकालमा आर्जन गरेको ज्ञान, सीप र बुद्धि हस्तान्तरणको अवसर पाउनेछन् । यद्यपि यतिबेला ज्येष्ठ नागरिक कोरोना भाइरसको उच्च जोखिममा समेत छन् । यस्तो बेला व्यक्ति, परिवार, समाज र राज्यबाट ज्येष्ठ नागरिकमाथि विशेष स्याहार र सुरक्षा अझ आवश्यक रहेको ठम्याइ राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घको छ ।

हाम्रो जस्तो देश अनि निकटतम सामाजिक संरचनामा हामीहरु सबैले अग्रजप्रति देखाएको व्यवहारतर्फ संवेदनशील हुन जरूरी देखिन्छ । आफना कुराकानीमा वहाँहरूलाई समावेश नगर्ने, वहाँहरूका कुराहरु नसुनिदिने, अनावश्यक होच्याएर टीकाटिप्पणी गर्ने, नचाहिंदा नाम राखिदिने र गिज्याउने अनि वहाँहरूलाई अनावश्यक रूपमा कतै जान या केही गर्न रोक लगाउने कुरा पनि दुर्व्यवहारअन्तर्गत पर्दछ । प्रायः विकसित देशहरूमा हुने वृद्धवृद्धा स्याहार केन्द्र या सरकारकै तर्फवाट वृद्धवृद्धा सुरक्षा योजना या संरक्षण नीति नभएकले नेपालमा यस मुद्धा अझ गहन छ । देशलाई उमेरभरि उत्पादत्वमा सहयोग गरेका अनि कर तिरेका वृद्धवृद्धा उमेर पुगेपछि केही थान हजारका नोट समातेर भत्ताको सूक्ष्म गाँसमा बस्नुपर्ने बाध्यता छ ।

अन्त्यमा, आजको युवा पुस्ता नै भोलिका ज्येष्ठ नागरिक हुन् । त्यसैकारणले होला सृष्टिको क्रम पनि पहिले बालक शिशुको रूपमा, युवा अवस्था पार गरी ज्येष्ठ नागरिक बन्छौं । यसै अुनसार अहिले युवाले आफना बाबुआमालाई जस्तो व्यवहार गर्छन् भोलि उनीहरूले पनि त्यस्तै व्यवहार आफना सन्तानबाट पाउनेछन् । सबैले भनिने गरेको छ मान्छे बूढो भए निहुँ खोज्छ, वस्तु बूढो भए भीर खोज्छ'

बाँकी ८ पृष्ठमा

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा, डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
**लाइन्स चोक, नारायणगढ, चितवन**
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

नोभल कोरोना (covid-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### नयाँ दिल्लीका विद्यालयहरू अक्टोबर ३१ सम्म बन्द रहने

कोभिड-१९ को महामारीका कारण लामो समयदेखि बन्द रहेका भारतको राजधानी नयाँ दिल्लीका विद्यालयहरू यस महिनाको अन्त्यसम्म बन्द रहने दिल्लीका उपमुख्यमन्त्री मनीष सिसोडियाले आइतवार बताउनुभएको छ । "दिल्लीमा विद्यालयहरू बन्द राख्ने निर्णयलाई थपिएको छ । मैले दिल्लीमा सबै विद्यालयहरू अक्टोबर ३१ सम्म बन्द गर्ने निर्देशन जारी गरेको छु । यसबारेको आदेश चाँडै जारी गरिनेछ," सिसोडियालाई भारतको राष्ट्रिय दैनिक हिन्दुस्तान टाइम्सले उद्धृत गरेको छ । यो घोषणा भारतमा शैक्षिक संस्थाहरूलाई सोमबारदेखि आंशिक भएपनि खोल्ने भनी गरिएका हल्ला र अनुमानबीच आएको हो । यस पहिलेको निर्देशनमा महामारीका कारण नयाँ दिल्लीमा विद्यालयहरूलाई अक्टोबर ५सम्म बन्द गर्ने उल्लेख गरिएको थियो । संघीय सरकारले गत सेप्टेम्बर ३० मा कोभिड-१९ को लकडाउनलाई थप खुला गर्नका लागि नियमहरू सार्वजनिक गरिएको थियो ।

यद्यपि विद्यार्थीहरूले अनलाइन कक्षाहरूमा सामेल हुन चाहेमा उनीहरूलाई यसका लागि अनुमति दिइएको छ । विद्यार्थीको हाजिरका लागि बाध्य पार्न नपाइने र अविभावकको सल्लाहमा अनलाइन कक्षामा सहभागिता गराउन सकिने सरकारी निर्देशनमा उल्लेख छ । विश्वमा कोभिड-१९ का कारण दोस्रो बढी प्रभावित भारतमा दिल्ली छैठौं बढी प्रभावित राज्य हो । दिल्लीमा अहिलेसम्म दुई लाख ८७ हजार ९३० व्यक्ति कोभिड सङ्क्रमित भएकोमा पाँच हजार ४७२ व्यक्तिको मृत्यु भएको छ । आइतबारको तथ्याङ्क अनुसार भारतमा कूल ६५ लाख ४९ हजार ३७३ व्यक्ति कोभिड-१९ सङ्क्रमित भएका छन् भने एक लाख एक हजार ७८२ जनाको मृत्यु भएको छ ।

### जापानमा कोभिड-१९ बाट थप ३९७ संक्रमित

जापानमा आइतबार थप ३९७ व्यक्तिमा कोरोना सङ्क्रमण पुष्टि भएसँगै अहिलेसम्म यहाँ कोभिड-१९ बाट सङ्क्रमित हुनेको सङ्ख्या ८५ हजार ८४७ पुगेको जापानको स्थानीय अधिकारी तथा स्वास्थ्य मन्त्रालयद्वारा उपलब्ध तथ्याङ्कमा उल्लेख गरिएको छ । यो तथ्याङ्कमा सन् २०२० को सुरुमा डायमण्ड प्रिन्सेस नामक पानी जहाजमा योकोहोमा पुगेका ७१२ सङ्क्रमितको सङ्ख्या समावेश गरिएको छैन । जापानमा कोरोना भाइरस सङ्क्रमणका कारण मृत्यु हुनेको सङ्ख्या पानी जहाजका १४ सहित एक हजार ६१३ पुगेको छ । जापानमा आइतबारसम्ममा गम्भीर विरामीको सङ्ख्या १३३ रहेको छ । उनीहरूमध्ये केहीलाई भेन्टिलेटरको सहयोग उपलब्ध गराइएको छ भने केहीलाई सघन कक्षमा राखी उपचार सेवा प्रदान गरिराखिएको छ । जापानको सङ्क्रमणको केन्द्रविन्दु राजधानी टोकियोमा आइतबार १०८ थप व्यक्तिमा कोभिड-१९ सङ्क्रमण भएको छ । राजधानीमा लगातार छैठौं दिन १०० भन्दा बढी व्यक्ति सङ्क्रमित भएका छन् । जापानको राजधानी टोकियोमा ४७ प्रशासकीय क्षेत्रमध्ये सबैभन्दा बढी कूल २६ हजार ४८४ सङ्क्रमित भएका पुष्टि भएको छ । जापानले विदेशीहरूका लागि अक्टोबर १ देखि प्रवेशमा सहज बनाएको छ । यद्यपि पर्यटक आवागमनलाई भने अझै अस्वीकार गरिएको छ ।

### जोर्डनका नरेशद्वारा प्रधानमन्त्री रज्जाजको राजीनामा स्वीकृत

जोर्डनका राजा अब्दुल्ला द्वितीयले शनिबार प्रधानमन्त्री ओमर रज्जाजको राजीनामा स्वीकृत गर्नुभएको छ । यद्यपि नयाँ मन्त्रिपरिषद गठन नभएसम्म कामचलाउ प्रधानमन्त्रीको रूपमा सेवा गर्ने जिम्मेवारी भने उहाँले रज्जाजलाई नै दिनुभएको छ । जोर्डनी राजाले प्रधानमन्त्री रज्जाजलाई एउटा पत्रमार्फत् राजीनामा स्वीकृत भएको जानकारी गराउनुभएको हो । विशेष गरी राज्यका संस्थाहरूमा एकीकृत प्रयासको माध्यमबाट कोभिड-१९ महामारी नियन्त्रणका उपाय अवलम्वन योजना र कार्यक्रमका लागि राजा अब्दुल्लाले सरकारको प्रशंसा गर्नु भएको 'रोयल हासेमाइट कोर्ट' ले जारी गरेको विज्ञप्ति जनाएको छ । "जोर्डनले विश्वसँगको समन्वयमा महामारीले थपेका मानवीय र आर्थिक समस्याहरूको सामना गर्न काम गऱ्यो । नागरिकहरूको स्वास्थ्य र कल्याण नै अन्तिम लक्ष्य थियो र सबै कदम र उपायमार्फत् नागरिकको स्वास्थ्यमा लागि हाम्रो ध्यान केन्द्रित छ," पत्रमा भनिएको छ । "योजना र कार्यक्रम तय गर्ने र प्राथमिकताहरू कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रिपरिषद्को प्रयासका बाबजुद कोभिड-१९ नियन्त्रणका क्रममा देखिएका कमजोरीलाई दिनप्रतिदिन सुधार गर्नु आजको आवश्यकता हुनेछ," पत्रमा भनिएको छ । राजीनामा पत्रमा प्रधानमन्त्री रज्जाजले आफ्नो सरकार कठिन समयमा पनि जनता र राष्ट्रको हितमा कामगर्न सफल भएको तर काम गर्ने शिलशिलामा गल्ती पनि भएका भए यसको जिम्मेवारी लिँदै पदबाट हट्ने बताउनुभएको थियो । रज्जाजले कोभिड-१९ले उहाँको मन्त्रीपरिषद्को २०२० प्राथमिकतामा असर पारेको तर यो सवै जनस्वास्थ्यको रक्षा जनताको हितमा भएको राजिनामा पत्रमा उल्लेख गर्नुभएको थियो ।

### कोरोनाभाइरसबाट विश्वभर १० लाख ३८ हजारको मृत्यु

विश्वभर महामारीका रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) को सङ्क्रमणबाट मृत्यु हुनेको संख्या आइतबारसम्म १० लाख ३८ हजार पुगेको छ । जोन्स हप्किन्स विश्वविद्यालयकाअनुसार कोभिड-१९ बाट सङक्रमित हुनेको संख्या विश्वभर तीन करोड ५१ लाख ४० हजार भन्दा बढी पुगेको छ । कूल सङ्क्रमितमध्ये दुई करोड ६१ लाख ३० हजार निको भएका छन् भने करिब ७९ लाख ६ हजार भन्दा बढी मानिस सक्रिय सङ्क्रमित छन् । विश्वभर अझै पनि ६६ हजार भन्दा बढी मानिसको स्वास्थ्य अवस्था निकै जटिल रहेको छ । पेशा व्यवसाय खोल्ने वा नखोल्ने भन्ने विषयमा दोधारमा रहेको संयुक्तराज्य अमेरिकामा सबैभन्दा बढी मानिसको मृत्यु भएको छ भने यहाँ सङ्क्रमितको संख्या पनि ७६ लाख नाघिसकेको छ । कोरोना सङक्रमणबाट अमेरिकामा हालसम्म दुई लाख १४ हजार को मृत्यु भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रथम महिला मेलानिया ट्रम्प दुवैलाई कोरोना भाइरस संक्रमण भएको छ । कोरोना सङ्क्रमणको कारण दोस्रो स्थानमा रहेको अर्थात विश्वकै दोस्रो ठूलो जनसंख्या रहेको देश भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या एक लाख नाघेको छ । आजसम्म प्राप्त समाचारअनुसार भारतमा ६५ लाख ४९ हजार भन्दा बढीलाई कोरोना भाइरस सङ्क्रमण भएको र यस सङ्क्रमणबाट एक लाख १ हजार ९६० जनाको मृत्यु भईसकेको छ । कोरोना सङ्क्रमणलाई हेर्दा तेस्रो स्थानमा रहेको देश ब्राजिलमा ४९ लाख भन्दा बढी व्यक्ति सङ्क्रमित भएकामा एक लाख ४६ हजारको मृत्यु भएको छ । खोप विकास गरिसकेको घोषणा गरेको रसियामा १२ लाख ४ हजार भन्दा बढी सङ्क्रमित रहेका छन् भने २१ हजार २५१ जनाको मृत्यु भएको छ भने दैनिक सङ्क्रमितको संख्या पनि बढ्दो छ ।

## प्रदेश........

घिसारेर निकाल्न मर्यादापालकलाई आदेश दिएका हुन् । उनी बोल्ने क्रममा सत्तारुढ सांसदले प्रश्न सोध्न हात उठाइरहेका थिए भने विपक्षी कांग्रेस सांसदहरुले नाराबाजी गरिरहेका थिए ।

त्यस क्रममा मर्यादापालकहरु रोस्टममा मन्त्रीमाथि हुनसक्ने सम्भावित आक्रमण रोक्न बसेका थिए । केसीले आफूअघि उभिएका मर्यादापालकलाई हातले कोट्याउँदै नाराबाजी गर्ने सांसदलाई लक्षित गर्दै भने 'घिसारेर निकालिहाल् ।'

## अनलाइन..........

विलम्बमा सहजीकरण गर्न पहल गर्ने तथा अनलाइन सञ्चारमाध्यमका लागि न्यायोचितरुपमा विज्ञापन वितरणका लागि पहल र दबाब सिर्जना गर्नेछ ।

## राज्य......

छँदै बुझ्नोस् । विकासका प्राथमिकता र काम गर्ने तौरतरिका बदलोस् । जनचाहनाको सम्बोधन गरोस् । नागरिकले सधैं सरकारको आलोचना गर्नुपर्ने बाध्यताको अन्त्य गरोस् । सबैले सरकारको आलोचना होइन, कामको प्रशंसा गर्न पाइयोस् ।

-राजधानी दैनिक

## एम्बुलेन्स सेवा सञ्चालनमा

कास्की । यहाँको रुपा गाउँपालिकाले आफ्नै एम्बुलेन्स मार्फत जनतालाई सेवा दिने भएको छ । महात्मा गान्धीको १५१ औं जन्म जयन्तीका अवसरमा भारतीय दुतावासले उपहारस्वरुप गाउँपालिकालाई एम्बुलेन्स उपलब्ध गराएपछि गाउँपालिकामा एम्बुलेन्स सेवा सञ्चालनमा ल्याउन लागेको हो । सात वडा रहेको रुपामा यसअघि कोही बिरामी पर्दा अस्पतालसम्म लैजान पोखराबाट एम्बुलेन्स लिन जानुपर्ने बाध्यता रहेको थियो । सांसद खगराज अधिकारीले सो एम्बुलेन्सको साँचो आइतबार गाउँपालिकालाई हस्तान्तरण गर्नुभयो । गाउँपालिका अध्यक्ष नवराज ओझाले कार्यविधि बनाएर गाउँपालिका आँफैले सहुलिएत दरमा सञ्चालन गर्ने बताउनुभयो । कोरोना सङ्क्रमण रोक्न आह्वान गरिएको बन्दाबन्दीका अवधिमा समेत गाउँपालिकाले भाडामा लिएर एम्बुलेन्स सेवा निःशुल्क सञ्चालन गरेको थियो ।

## भोजपुर.......

गर्न पाएनौं, त्यसपछि हामीले तीव्रगतिमा सञ्चालन गरिरहेका छौं । सरकारले समयमा बजेट पठाउन सक्यो भने चालू आर्थिक वर्षको असार महिनासम्म निर्माण पूरा गर्छौं ।" हालसम्म कार्यालय भवन, फाउण्डेशन लगाउनेलगायत स्ट्रक्चरको काम ६० प्रतिशत बढी सकिएको छ भने प्यारापिट, बनाउने, रिटेनिङवाल लगाउने लगायतका काम भइरहेको निर्माण कम्पनीले जनाएको छ । तेइस रोपनी क्षेत्रमा निर्माण भइरहेको रङ्गशालामा पाँच हजार मानिस अट्न सक्ने गरी सात प्यारापिट निर्माण हुने कार्यालयले जनाएको छ । शहरी विकास तथा भवन निर्माण कार्यालय धनकुटाले समेत अनुगमन गर्दै आएको छ । यो विषम परिस्थितिमा पनि कामको प्रगति राम्रो पाइएको कार्यालयले जनाएको छ । शहरी विकास तथा भवन निर्माण कार्यालय धनकुटाका प्रमुख मिलन आचर्यले भन्नुभयो, "निर्माणस्थलमा भइरहेको काम हेर्दा तीव्रगतिमा गुणस्तरीय ढङ्गबाट भइरहेको छ । निर्माण कम्पनीले समयमा बजेटको व्यवस्था भएमा तोकिएको अवधिभन्दा अगाडि नै काम सक्छु भनेका छन्, तर कोभिडका कारण बजेट पठाउन केही समस्या देखिएको छ, यद्यपि सरकारले यस्ता काम बजेटको कारण अलपत्र बनाउँदैन ।"अनुगमनको क्रममा ४० प्रतिशत बढी काम सकिएको पाइएको उहाँले बताउनुभयो । कोभिडका कारण निर्माण कम्पनीलाई हालसम्म कुनै पनि भुक्तानी दिन नसकेको समेत जानकारी दिनुभयो । "उहाँले काम निरन्तर गरिरहनु भएको छ, कोभिडका कारण हामीले हालसम्म कुनै पनि भुक्तानी दिएका छैनौं, तर पनि उहाँले काम निरन्तर गरिरहनुभएको छ, यो खुशीको कुरा हो, हामी पनि समय अगाडि नै सक्नका लागि उहाँलाई बजेट दिनेमा सकारात्मक छौं", प्रमुख आचार्यले भन्नुभयो । कामलाई गुणस्तरिय बनाउनका लागि इञ्जीनियरहरूले नियमित रूपमा अनुगमन तथा जाँचसमेत गर्दै आएका छन् । निर्माणमा प्रयोग भएका सामग्री मापदण्ड अनुसारको रहेको शहरी विकास तथा भवन निर्माण कार्यालयका इञ्जीनियर रजनिशकुमार झाले बताउनु भयो ।

## जेष्ठ......

भत्रे उखान बिर्सेर ज्येष्ठ नागरिकहरूले विगतमा गरेका राम्रा काम सम्झने गर्नुपर्छ । यसर्थ वृद्धावस्थालाई बोझको रूपमा नभई जीवनको उत्तरार्धमा सबैले भोग्नुपर्ने अनिवार्य अवस्था मानेर सकेसम्म सुखमय बनाउनमै लाग्नु परिवारका सबै सदस्यको जिम्मेवारी त्यत्तिकै महत्वपूर्ण रहेको छ । अहिले त सरकारले समेत वृद्धवृद्धाहरूलाई प्रति महिना ३ हजार रूपैयाँ भत्ता, निःशुल्क स्वास्थ्य बिमा, यातायात तथा औषधोपचारमा ५० प्रतिशत छुट, ज्येष्ठ नागरिक परिचयपत्र, सेवाप्रवाहमा विशेष प्राथमिकता दिइने नीति लिइएको पाइन्छ ।

## चौरीदेउराली गाउँपालिकामा मदिरा र लागूपदार्थ प्रतिबन्ध

काभ्रे जिल्लाको चौरीदेउराली गाउँपालिकाभित्र व्यवसायिक मदिरा र लागूपदार्थ प्रतिबन्ध कार्यन्वयन गर्ने निर्णय भएको छ । शुक्रबार बसेको मदिरा प्रतिबन्ध मूल समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष दिननाथ गौतमको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

गाउँपालिकाको कार्यालयमा बसेको बैठकले मदिरा प्रतिबन्धका लागि एक हप्तासम्म जनचेतना मूलक तथा जानकारी सहितको प्रचार प्रसारमा लाग्ने गाउँपालिका अध्यक्ष तथा मदिर प्रतिबन्ध मूल समितिका संयोजक गौतमले जानकारी दिए । सोही अनुसार गाउँपालिका भित्र शनिबारबाटै प्रचार प्रसारका काम थालनी गर्ने निर्णय बैठकले गरेको छ ।

आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा व्यवसायिक मदिरा प्रतिबन्ध गर्ने गाउँसभाले पारित गरेको थियो । सोही क्रममा कार्यपालिका 'मदिरा प्रतिबन्ध गर्न बनेको कार्यविधि- २०७७' लाई २०७७ साल भदौ ५ गत स्वीकृत गरेको थियो ।

शनिबारबाट गरिने प्रचार प्रसारमा माइकीङ, पोष्टर पम्प्लेटिङ, होडिङबोर्ड, विभिन्न संस्थाहरुको परिचालन गरिने गौतमले बताए ।

Standard Chartered




Achieve your financial goals by banking with the Bank that banks the World.

Whether you are saving for an investment or securing your family's future; or working on a plan that connects you to the wider world, Standard Chartered provides the perfect platform. Our extensive network & strong cross border abilities make us the bank of your choice for all your banking solutions.

As an integral part of a leading banking group, we serve in more than 60 of the world's most dynamic markets. Our purpose is to drive commerce and prosperity through our unique diversity, and our heritage and values are expressed in our brand promise, Here for good.

Widen your global network by banking safely and securely at your doorstep.

Open an account today!

To open your account online, log in to our website or visit our nearest branch today.

sc.com/np Here for good

*Terms and conditions apply.

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



बिष्णु भण्डारी
अध्यक्ष
जडीबुटी व्यवसायी संघ नेपाल

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

सुरेन्द्र पौडेल
अध्यक्ष
एलिट कन्ट्रक्शन क. प्रा.लि.

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।



धन बहादुर लामा
निवर्तमान अध्यक्ष तथा सल्लाहकार
जडीबटी व्यवसायी संघ नेपाल

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

रबि सिंह
अध्यक्ष
नेपाल निर्माण ब्यवसायी महासंघ

हार्दिक शुभकामना

क्यासिनो प्राईड तथा क्यासिनो प्यालेस व्यवस्थापनको तर्फबाट सम्पुर्ण शुभचिन्तक साथै देश बिदेशमा रहनु हुने दिदी बहिनी तथा दाजुभाईहरुमा २०७७ सालको बिजयाँ दशमी, शुभदीपावली, छठको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्राईड क्यासिनो परिवार

हार्दिक शुभकामना

२०७७ सालको नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, छठको अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
साथै विश्वमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारीबाट देश विदेशमा रहनु भएका सम्पूर्ण नेपली दाजुभाई तथा दिदीबहिनीहरु सुरक्षित रहुन् भन्ने कामना गर्दछौं ।

दिपक गौतम
अध्यक्ष
गजुरमुखी निर्माण सेवा क. लि.

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस